# लुम्बिनी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
## (आर्थिक वर्ष २०८२/८३)




नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय
२०८३ असोज

## प्राक्कथन

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नियमितरुपमा प्रकाशन गर्दै आएको छ । नेपाल राष्ट्र बैंकका प्रादेशिक कार्यालयहरुबाट समेत सम्बन्धित प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको सन्दर्भमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयबाट लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८२/८३ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटा जिल्लाहरु रुपन्देही, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, रुकुम (पूर्व), रोल्पा र प्यूठानवाट कृषि, उद्योग, सेवा, पूर्वाधार लगायतका क्षेत्रसंग सम्वन्धित तथ्याङ्कहरु संकलन गरी प्रशोधित तथ्याङ्क, विश्लेषण र क्षेत्रगत सम्भावना र चुनौतीहरुलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको आर्थिक गतिविधिमा सामान्य बढोत्तरी देखिएको छ । समीक्षा अवधिमा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफलमा ०.२६ प्रतिशतले वृद्धि देखिंदा समग्र कृषि बालीको उत्पादन ३.०३ प्रतिशतले बढेको देखिएको छ । उद्योग क्षेत्र तर्फ उद्योगहरुको औसत क्षमता उपयोग अघिल्लो वर्षको तुलनामा सामान्य वृद्धि भई ४८.४४ प्रतिशत पुगेको छ । सेवा क्षेत्र अन्तरगत होटलहरुमा शैया संख्या थप भएको देखिएतापनि अकुपेन्सी दर भने कम भएको देखिएको छ । बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा करिब २० प्रतिशत र कर्जामा ४ प्रतिशतको हाराहारीमा वृद्धि भएको देखिएको छ । पुर्वाधार क्षेत्रमा, यस प्रदेशमा निर्माणधिन राष्ट्रिय गौरवका र प्रदेश गौरवका आयोजनाको प्रगति अपेक्षित रुपमा हुन सकेको देखिएको छैन ।

यस प्रतिवेदन सरकार, निजी क्षेत्र, शोधकर्ता, विद्यार्थी लगायत अन्य सरोकारवालाहरुलाई उपयोगी हुने मैले विश्वास लिएकी छु । प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क, सूचना र विवरण उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालय तथा मातहतका कार्यालयहरु, जिल्लास्थित सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । प्रतिवेदन तयार गर्न संलग्न हुनुहुने यस कार्यालयका उप-निर्देशक श्री छविलाल घिमिरे, सहायक निर्देशकहरु श्री कृष्ण प्रसाद भट्टराई, श्री मौसमी मल्ल र श्री सुवाश गुप्ता र प्रधान सहायकहरु श्री दीपक गौतम, श्री प्रदिप घिमिरे र श्री सुनिल कुमार अर्याललाई धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क सङ्कलन तथा समन्वयका लागि आर्थिक अनुसन्धान इकाई नेपालगञ्ज कार्यालयका उप निर्देशक श्री मनोज कुमार के.सी., सहायक निर्देशकद्वय श्री मामराज पथिक धोवी र श्री ममता रावत, सहायकहरु श्री सुदन भुसाल र श्री सागर अधिकारीलाई समेत धन्यवाद ज्ञापन गर्दछु ।

**नबीना ढकाल**
**निर्देशक**

# विषयसूची

**आवरण पृष्ठ**
**प्राक्कथन** ........ (क)
**विषयसूची** ........ (ख)
**तालिकासूची** ........ (घ)
**चार्टसूची** ........ (घ)
**सारांश** ........ (ङ)
**परिच्छेद १ अध्ययन परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन ........ १
१.३ अध्ययनको सीमा ........ २
१.४ अध्ययन प्रतिवेदनको ढाँचा ........ ३
**परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** ........ ४
२.१ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा ........ ४
२.२ अन्तरप्रदेश तुलना ........ ५
२.३ प्रादेशिक चुनौती तथा सम्भावना ........ ६
**परिच्छेद ३ कृषि क्षेत्र** ........ ८
३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ........ ८
३.२ कृषि उत्पादन ........ १०
३.३ पशुपन्छी, माछा उत्पादन ........ १३
३.४ वनजन्य उत्पादन ........ १४
३.५ सिँचाई तथा मौसम ........ १५
३.६ क्षेत्रगत कृषि कर्जा ........ १५
३.७ कृषि क्षेत्रका चुनौती तथा सम्भावना ........ १६
**परिच्छेद ४: उद्योग क्षेत्र** ........ १८
४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी ........ १८
४.२ क्षेत्रगत औद्योगिक कर्जा ........ २१
४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ........ २२

**परिच्छेद ५: सेवा क्षेत्र** ........ २४

५.१ पर्यटन ........ २४

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ........ २५

५.३ वित्तीय सेवा ........ २६

५.४ यातायात र सञ्चार ........ ३०

५.५ शिक्षा तथा स्वास्थ्य ........ ३२

५.६ सेवा क्षेत्र कर्जा ........ ३३

५.७ सहकारी ........ ३४

५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना ........ ३५

**परिच्छेद ६: पूर्वाधार र रोजगारी** ........ ३६

६.१ पूर्वाधार क्षेत्र ........ ३६

६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ........ ४१

६.३ रोजगारी ........ ४२

६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना ........ ४३

**परिच्छेद ७: संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** ........ ४५

७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन ........ ४७

**परिच्छेद ८ आर्थिक परिदृष्य** ........ ५१

८.१ कृषि उत्पादन ........ ५१

८.२ औद्योगिक उत्पादन ........ ५१

८.३ सेवा क्षेत्र ........ ५२

८.४ पूर्वाधार क्षेत्र ........ ५२

## तालिका-सूची

| | पेज नं. |
|---|---|
| तालिका २.१: लुम्बिनी प्रदेशको आर्थिक परिसुचक | ४ |
| तालिका २.२: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान | ५ |
| तालिका ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्रको हिस्सा | ८ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्रको जिल्लागत हिस्सा | ९ |
| तालिका ३.३: प्रमुख कृषि बालीको उत्पादन | १० |
| तालिका ३.४: कृषि उपज उत्पादनको जिल्लागत हिस्सा | १२ |
| तालिका ३.५: पशुपन्क्षी तथा माछा उत्पादनको जिल्लागत हिस्सा | १४ |
| तालिका ३.६: जिल्लागत कृषि कर्जा | १६ |
| तालिका ४.१: औद्योगिक उत्पादन | १९ |
| तालिका ४.२: कुल औद्योगिक कर्जा तथा क्षेत्रगत हिस्सा | २२ |
| तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर | २४ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | २६ |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्था सम्वनधी विवरण | २६ |
| तालिका ५.४: जिल्लागत निक्षेप अवस्था | २७ |
| तालिका ५.५: जिल्लागत कर्जा अवस्था | २८ |
| तालिका ५.६: परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/विक्री विवरण | २९ |
| तालिका ५.७: फण्ड ट्रान्सफर | २९ |
| तालिका ५.८: इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण | ३० |
| तालिका ५.९: दर्ता भएका सवारी संख्या | ३० |
| तालिका ५.१०: सञ्चार सेवाको अवस्था | ३१ |
| तालिका ५.११: शिक्षा सेवा | ३२ |
| तालिका ५.१२: स्वास्थ्य सेवा | ३३ |
| तालिका ५.१३: कुल सेवा कर्जाको जिल्लागत अवस्था | ३४ |
| तालिका ५.१४: सहकारी सेवा | ३५ |
| तालिका ६.१: सडक पूर्वाधार तथा पुल | ३६ |
| तालिका ६.२: लुम्बिनी प्रदेशमा भएका उडान संख्या | ३७ |
| तालिका ६.३: लुम्बिनी प्रदेशमा सञ्चालित पूर्वाधार आयोजनाहरु | ३८ |
| तालिका ६.४: वार्षिक जिल्लागत रोजगारी | ४२ |
| तालिका ६.५: जिल्लागत श्रम स्वीकृतिको विवरण | ४३ |
| तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति | ४६ |
| तालिका ७.२: प्रदेश गौरवका आयोजनाको विवरण | ४८ |
| तालिका ७.३: स्थानीय तहहरुको खर्च र राजस्वको स्थिति | ४९ |
| तालिका ७.४: स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण | ५० |

## चार्ट-सूची

| | पेज नं. |
|---|---|
| चार्ट २.१: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा | ६ |
| चार्ट ३.१: प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल | ९ |
| चार्ट ३.२: प्रमुख खाद्यान्न बालीहरुको उत्पादन | ११ |
| चार्ट ३.३: सिँचित क्षेत्रफल | १५ |
| चार्ट ४.१: औद्योगिक क्षमता उपयोग | १९ |

# सारांश

## समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान रहेको छ ।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

३. आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर २.८७ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २९.७६ प्रतिशत, १५.३२ प्रतिशत र ५४.९२ प्रतिशत रहने अनुमान छ ।

## कृषि क्षेत्र

४. समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कूल क्षेत्रफल ०.२६ प्रतिशतले र कूल उत्पादन ३.०३ प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा अवधिमा माछा, दूध र ऊनको उत्पादन क्रमशः १८.८८ प्रतिशत, ३.८६ प्रतिशत र १.९६ प्रतिशतले वृद्धि भएको छ भने मासु र अण्डाको उत्पादनमा क्रमशः १२.४० प्रतिशत र ५.६७ प्रतिशतले ह्रास आएको छ ।

६. समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ, औषधीजन्य र अन्य उत्पादन क्रमशः ११.९१ प्रतिशत, ३२.८० प्रतिशत र २०२.३४ प्रतिशतले वृद्धि भएको छ भने दाउरा उत्पादनमा ३.०७ प्रतिशतले ह्रास आएको छ ।

७. समीक्षा अवधिसम्ममा यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमध्ये ४६.२९ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ ।

८. समीक्षा अवधिमा कृषि क्षेत्रमा प्रवाहित कर्जामा ०.९० प्रतिशतले ह्रास आई रु. ५० अर्ब २१ करोड १८ लाख भएको छ ।

## उद्योग क्षेत्र

९. समीक्षा अवधिमा यस प्रदेशका उद्योगहरुको भारित औसत क्षमता उपयोग ४८.४४ प्रतिशत रहेको छ । यस्तो क्षमता उपयोग गत वर्षको सोही अवधिमा ४८.४० प्रतिशत (संशोधित) रहेको थियो ।

१०. समीक्षा अवधिमा आल्मुनियम उत्पादन (विभिन्न साइजका प्रेशरकुकर), बिजुलीका तार तथा केबल, चाउचाउ र कागजको उत्पादनमा वृद्धि भएको छ भने चामल (FR), प्लाष्टिकका सामान, चप्पल, प्लाइउड र पशुदाना उत्पादनमा ह्रास आएको छ ।

११. समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा कुल कर्जाको २४.६३ प्रतिशत अर्थात रु.१ खर्ब ४७ अर्ब २८ करोड रहेको छ ।

## सेवा क्षेत्र

१२. २०८३ असार मसान्तसम्ममा नमुना छनौटमा परेका होटलहरुको तथ्याङ्क अनुसार गत आर्थिक वर्षको तुलनामा यस प्रदेशमा पर्यटक आगमन सङ्ख्यामा ८.६१ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी सोही अवधिमा होटलको औसत अकुपेन्सी दर २९.६६ प्रतिशत रहेको छ ।

१३. समीक्षा अवधिमा यस प्रदेशमा क, ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या २०७४ रहेको छ ।

१४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले कुल रु. ७ खर्ब ९१ अर्ब ९४ करोड ६ लाख निक्षेप संकलन गरेका छन् भने कुल रु. ५ खर्ब ९७ अर्ब ९९ करोड ४० लाख कर्जा परिचालन गरेका छन् । अघिल्लो वर्षको तुलनामा निक्षेप र कर्जामा क्रमशः १९.९७ र ३.५९ प्रतिशतले वृद्धि भएको छ ।

१५. समीक्षा अवधिमा नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पूँजी, कुल बचत र कुल कर्जा प्रवाह क्रमशः ५.५८ प्रतिशत, ७.९३ प्रतिशत र ४.१३ प्रतिशतले वृद्धि भएको छ ।

१६. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामा गत वर्षको तुलनामा ०.१८ प्रतिशतले ह्रास आई रु. २ खर्ब २३ अर्ब ५५ करोड २२ लाख कायम भएको छ ।

## पूर्वाधार क्षेत्र

१७. लुम्बिनी प्रदेश सरकार मार्फत आर्थिक वर्ष २०८२/८३ को साउनदेखि चैत्र मसान्तसम्ममा ११५ कि.मी. कच्ची, ४८.४४ कि.मी. ग्राभेल र ५५.४२ कि.मी. कालोपत्रे गरी जम्मा २१८.८६ कि.मी. सडक निर्माण भएको छ ।

१८. लुम्बिनी प्रदेशको भैरहवामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा बाँके, दाङ र गुल्मीमा अवस्थित एक/एक वटा आन्तरिक विमानस्थल गरी जम्मा ४ विमानस्थलबाट सन २०२५ मा २४७ अन्तर्राष्ट्रिय उडान र २५ हजार ६ सय ४२ आन्तरिक उडान भएका छन् ।

१९. वैकल्पिक उर्जासहित २०८२ फागुनसम्ममा लुम्बिनी प्रदेशका ९८.६ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ ।

२०. २०८३ असार मसान्तसम्ममा बुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडक आयोजनाको भौतिक प्रगति २७ प्रतिशत र वित्तीय प्रगति २३.८७ प्रतिशत भएको छ ।

२१. २०८३ असार मसान्तसम्ममा सिद्धबाबा सुरुङ मार्ग आयोजनाको भौतिक प्रगति ६९.१० प्रतिशत र वित्तीय प्रगति ६३.५५ प्रतिशत भएको छ ।

२२. २०८३ असार मसान्तसम्ममा कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) खण्डको भौतिक प्रगति ७४.३८ प्रतिशत र वित्तीय प्रगति ७२.६९ प्रतिशत भएको छ ।

२३. २०८३ असार मसान्तसम्ममा सिक्टा सिँचाई आयोजनाको भौतिक प्रगति ५१ प्रतिशत र वित्तीय प्रगति ४६ प्रतिशत भएको छ ।

२४. २०८३ असार मसान्तसम्ममा बबई सिँचाई आयोजनाको भौतिक प्रगति ८१.९७ प्रतिशत र वित्तीय प्रगति ६८.२३ प्रतिशत भएको छ ।

# परिच्छेद १ अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक नीति निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मूल्य स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन गरी विभिन्न प्रकारका तथ्यपरक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यसैक्रममा बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतीको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्यसमेत समावेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रतिवेदनमा जिल्लागत रुपमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको स्थिति, सम्भावना र चुनौती तथा परिदृश्य समावेश हुने गरेको छ ।

यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुबाट कृषि, उद्योग, सेवा क्षेत्रको तथ्याङ्क सङ्कलन गरी आर्थिक वर्ष २०८२/८३ को वार्षिक तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरेको छ । लुम्बिनी प्रदेशको आर्थिक गतिविधि अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका ८ वटा जिल्लाहरु (नवलपरासी (ब.सु.प.), रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा) र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका ४ वटा जिल्लाहरु (बाँके, बर्दिया, दाङ र रुकुम (पूर्व)) गरी जम्मा १२ जिल्लाहरुबाट सङ्कलन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

यस प्रतिवेदनमा २०८२ साउनदेखि २०८३ असार मसान्तसम्ममा लुम्बिनी प्रदेशमा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरिएको छ । मुख्यगरी कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको स्थिति र आवधिक परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको हिस्सा एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ ।

१. नेपाल राष्ट्र बैंकबाट जारी भएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३)" अनुसार यस प्रदेशका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु, निर्देशनालयहरुका साथै जिल्लास्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु सङ्कलन गरिएको छ ।

२. सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु र जिल्ला वन कार्यालयहरुबाट कृषि, पशुपालन, सिँचाइ र वनजन्य तथ्याङ्क सङ्कलन गरिएको छ ।

३. नमूना छनौटमा परेका उद्योगहरुमध्ये रुपन्देहीबाट १२, बाँकेबाट ९, नवलपरासी (ब.सु.प.)बाट ५, दाङबाट २, बर्दियाबाट २ र कपिलवस्तुबाट २ गरी जम्मा ३२ वटा उद्योगहरुबाट स्थलगत तथा विद्युतीय माध्यमबाट उद्योग सम्वनधी तथ्याङ्क सङ्कलन गरिएको छ ।

४. सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा सङ्ख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन सङ्ख्या र सो बापतको राजस्व रकमसँग सम्बन्धित तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, काठमाडौंबाट प्राप्त गरिएको छ ।

५. पर्यटनसँग सम्बन्धित तथ्याङ्क नमूना छनौटमा परेका १२ वटा होटलहरुबाट र घरजग्गा नक्शा पास तथ्याङ्क नगरपालिकाबाट सङ्कलन गरिएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरुको नमूना छनौट गरी विवरण सङ्कलन गरिएको छ । मनिचेञ्जर तथा विदेशी मुद्रा सटही सम्वनधी विवरण नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट लिइएको छ ।

६. प्रादेशिक सरकारी वित्त सम्वनधी विवरण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र वैदेशिक व्यापार सम्वनधी विवरण सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट प्राप्त गरिएको छ ।

७. प्रदेश सरकारको कार्यक्रम तथा परियोजना, स्थानीय तहको कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयन सम्वनधी विवरण लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय तथा छनौटमा परेका ५ वटा स्थानीय तहहरुबाट लिइएको छ ।

८. लुम्बिनी प्रदेशमा पूर्वाधारसँग सम्बन्धित राष्ट्रिय गौरवका आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरुमध्ये नमूना छनौटमा परेका ६ वटा आयोजनाहरु र प्रदेश सरकारको विद्यमान ४ वटा प्रदेश गौरवका आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतीहरु सम्वनधी तथ्याङ्क सङ्कलन गरी अध्ययन प्रतिवेदनमा समेटिएको छ ।

९. स्थलगत सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्क र विभिन्न स्रोतबाट प्राप्त द्वितीयक तथ्याङ्कहरु Statistical Tools का आधारमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यो अध्ययन “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३)” ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।

१. मुलुक प्रादेशिक संरचनामा गएपश्चात् तथ्याङ्क प्रदायक निकायहरुको समेत पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पनि निरन्तर भइरहेका सन्दर्भमा पूर्ण एवं अद्यावधिक तथ्याङ्क प्राप्त हुन कठिनाइ रहेको छ ।

२. यस अध्ययनमा उद्योग क्षेत्रको विश्लेषण नमूना छनौटमा परेका ३२ वटा उद्योगहरुबाट र सेवा क्षेत्रको विश्लेषण १२ वटा होटल तथा १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क एवम् सूचनाहरुको आधारमा गरिएको छ ।

३. लुम्बिनी प्रदेशका ३६ वटा स्थानीय तहहरु (उप महानगरपालिका/नगरपालिका) बाट घरनक्सा पास तथा ५ वटा ठूला स्थानीय तहहरुको मात्र वित्त स्थितिको तथ्याङ्क सङ्कलन गरिएको छ ।
४. भौतिक निर्माणतर्फ, सडक तथा सिँचाइ स्थानीय निकायहरुले निर्माण गरेका आयोजनाहरूको जिल्लागत विवरण पूर्णरुपमा उपलब्ध हुन सकेको छैन । प्रस्तुत अध्ययनमा छनौटमा परेका निकायहरूबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दास्रो संशोधन, २०८३)" ले तोकेको ढाँचा बमोजिम तयार गरिएको छ । यस अध्ययनलाई ८ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययन परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी, परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ८ मा आर्थिक परिदृष्यसँग सम्बन्धित तथ्याङ्क, सूचना र विश्लेषण प्रस्तुत गरिएको छ ।

## परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु. ६६ खर्ब पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०३ प्रतिशत, १४.१६ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ। कृषि क्षेत्रको वृद्धि १.५८ प्रतिशत, उद्योग क्षेत्रको वृद्धि ५.६७ प्रतिशत र सेवा क्षेत्रको वृद्धि ४.२१ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा लुम्बिनी प्रदेशको अंश क्रमशः १७.५८ प्रतिशत, १५.३५ प्रतिशत र १२.६१ प्रतिशत रहने अनुमान छ। अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। उद्योग क्षेत्रको योगदान विगत १० वर्षमा प्रायः स्थिर रहेको देखिन्छ।

### २.१ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर २.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा आर्थिक वृद्धिदर ४.२७ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु. ९ खर्ब ३६ अर्ब ७२ करोड पुग्ने अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २९.७६ प्रतिशत, १५.३२ प्रतिशत र ५४.९२ प्रतिशत रहने अनुमान छ। लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये कृषि, वन तथा मत्स्यको अंश सबैभन्दा बढी २९.७६ प्रतिशत रहेको छ। शिक्षा क्षेत्रको अंश ११.३५ प्रतिशत, थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवाको अंश ९.९७ प्रतिशत, सार्वजनिक प्रशासन र रक्षा, अनिवार्य सामाजिक सुरक्षाको अंश ९.३२ प्रतिशत, यातायात तथा भण्डारको अंश ७.६० प्रतिशत र निर्माण क्षेत्रको अंश ६.८१ प्रतिशत रहेको छ (तालिका २.१)।

**तालिका २.१ लुम्बिनी प्रदेशको आर्थिक परिसूचक**

| आर्थिक परिसूचक | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य रु.अर्बमा) | ७०६.५६ | ७६६.७१ | ८२४.५२ | ८८३.५९ | ९३६.७२ |
| कृषि क्षेत्रको हिस्सा (प्रतिशत) | २९.८७ | २९.४२ | २९.९४ | ३०.११ | २९.७६ |
| उद्योग क्षेत्रको हिस्सा (प्रतिशत) | १५.७७ | १४.८१ | १४.८१ | १४.९ | १५.३२ |
| सेवा क्षेत्रको हिस्सा (प्रतिशत) | ५४.३६ | ५५.७७ | ५५.२५ | ५४.९९ | ५४.९२ |
| आर्थिक वृद्धिदर (प्रतिशत) | ५.१८ | १.९४ | ३.८५ | ४.२७ | २.८७ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ( यु.एस.डलरमा) | १,१३९.७७ | १,१२९.९७ | १,१७९.६० | १२,१८.७९ | १,२०७.६७ |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय।*

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.७१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा १४.१९ प्रतिशत रहेको छ। (तालिका २.२)।

**तालिका २.२: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | **लुम्बिनी** | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य,रु.अर्बमा) | १,०४३.११ | ८६३.३३ | २,४२३.१२ | ५९२.६८ | **९३६.७२** | २७७.२५ | ४६३.८९ | ६,६००.१० |
| राष्ट्रिय उत्पादनमा अंश | १५.८० | १३.०८ | ३६.७१ | ८.९८ | **१४.१९** | ४.२० | ७.०३ | १०० |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) (प्रतिशतमा) | ३.१३ | १.३१ | ५.४० | ५.०१ | **२.८७** | २.९४ | ३.२८ | ३.८५ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.३६ | १९.०४ | १७.१५ | ९.५९ | **१७.५८** | ५.५० | ९.७८ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.७२ | ११.२५ | ३१.७४ | १२.०५ | **१५.३५** | २.९९ | ६.९० | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७५ | ११.१८ | ४५.४६ | ८.०४ | **१२.६१** | ३.९७ | ५.९९ | १००.०० |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय।*

बृहत आर्थिक वर्गीकरणअनुसार समीक्षा वर्षको कृषि क्षेत्रको समग्र उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.३६ प्रतिशत रहेको छ भने कणाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५० प्रतिशत रहेको छ। उद्योग क्षेत्रको समग्र उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.७४ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.९९ प्रतिशत रहेको छ। यसैगरी, सेवा क्षेत्रको समग्र उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.४६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.९७ प्रतिशत रहेको छ। (तालिका २.२)।

**चार्ट २.१: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा (प्रतिशतमा)**




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

प्रदेशगत रुपमा कृषि क्षेत्रको तुलना गर्दा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान सबैभन्दा बढी ३४.९७ प्रतिशत रहेको छ भने बागमती प्रदेशको सबैभन्दा कम ११.२३ प्रतिशत रहेको छ । प्रदेशगत रुपमा उद्योग क्षेत्रको तुलना गर्दा सबैभन्दा बढी गण्डकी प्रदेशको सबैभन्दा बढी १८.९९ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १०.०७ प्रतिशत रहेको छ । यसैगरी, प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान बागमती प्रदेशको सबैभन्दा बढी ७६.५३ प्रतिशत रहेको छ भने कोशी प्रदेशको सबैभन्दा कम ४९.८५ प्रतिशत रहेको छ (चार्ट २.१) ।

## २.३ प्रादेशिक चुनौती तथा सम्भावना

### २.३.१ प्रादेशिक चुनौती

१. यस प्रदेशमा निर्माण भईरहेका राष्ट्रिय गौरव, प्रदेश गौरव लगायत ठूला परियोजनाहरू लामो समयदेखि सम्पन्न हुन नसकेको अवस्थामा त्यस्ता आयोजनाहरू उच्च गुणस्तर कायम गरी समयमै निर्माण कार्य सम्पन्न गर्नु चुनौतीपूर्ण छ ।

२. यस प्रदेशका ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतिर बसाइँसराइ तीव्र रहेको र ग्रामीण क्षेत्रका राम्रो कृषि उत्पादन हुनसक्ने खेतीयोग्य जमिन बाँझो रहेकोले ती खेतीयोग्य जमिनमा खेती गर्ने वातावरण सिर्जना गरी उत्पादन बढाउने कार्य चुनौतीपुर्ण छ ।

३. यस प्रदेशमा रहेका प्रमुख भन्सार नाकाहरुबाट हुने अवैध निकासी पैठारी रोक्ने र ती नाकाबाट हुने वैदेशिक व्याापारमा प्राप्त हुने राजस्व वृद्धि गर्ने कार्य चुनौतीपूर्ण छ ।

४. कृषि पूर्वाधार, उन्नत बीउ तथा मल, सिँचाई लगायतको अभावका कारण यस प्रदेशका कृषकहरुले उत्पादन गर्ने कृषिजन्य बस्तुहरुको उत्पादन लागत वढी हुँदा आयातित वस्तुहरुसँगको बजार प्रतिस्पर्धी क्षमता बढाउनु चुनौतीपूर्ण छ ।

५. कृषि तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग, मौसमी प्रतिकुलता, जुनोटिक रोगहरु तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्न कृषि तथा पशु सेवा बीमा लागू गर्नु र त्यसको पहुँच(सबै) कृषक तथा पशुपालकसम्म पुग्ने व्यवस्था गर्नु चुनौतीपूर्ण छ ।

### २.३.२ प्रादेशिक सम्भावना

१. यस प्रदेशका तराईका जिल्लाहरुमा धान, गहुँ लगायतका अन्न बालीको अत्याधिक उत्पादन हुने र पहाडी जिल्लाहरुमा मकै, कोदो, फापर तथा जडिबुटी उत्पादनको प्रचुर सम्भावना रहेको छ ।

२. यस प्रदेशमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालनमा ल्याउन सकिएमा यस क्षेत्रमा रहेका होटल तथा पर्यटन व्यवसायमा वृद्धि हुने सम्भावना रहेको छ ।

३. बुटवल, भैरहवा तथा नेपालगञ्ज, घोराही-तुलसीपुर जस्ता शहरहरु विस्तारै औद्योगिक करिडोरका रुपमा विकास हुँदै गएको, भैरहवामा विशेष औद्योगिक क्षेत्रको स्थापना भएको र सीमा व्यापार तथा यातायातका हिसाबले समेत सहज भएकाले विदेशी लगानी आकर्षित गरी प्रदेशलाई औद्योगिक हबका रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

४. यस प्रदेशमा रहेको लुम्बिनी प्रादेशिक अस्पताललाई विशिष्टकृत र विश्वस्तरीय सेवा सुविधा सहितको अस्पतालको रुपमा स्तरोन्नति गर्दै प्रदेश गौरव आयोजनाको रुपमा १२०० शैयामा विस्तार गर्ने योजना भएको, रुपन्देहीको भैरहवामा मेडिकल कलेज तथा आँखा अस्पताल सञ्चालनमा रहेको, साथै रुपन्देहीको देवदह, पाल्पाको प्रभास तथा बाँकेमा मेडिकल कलेज रहेको र यस प्रदेशका अन्य स्थानहरुमा समेत अस्पतालहरु रहेकोले यस क्षेत्रलाई शिक्षा तथा स्वास्थ्य क्षेत्रको हबको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

५. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमार्फत युवाहरुलाई आकर्षित गर्न सकेमा मासु तथा दुग्धजन्य उत्पादन, फलफुल, तरकारी जस्ता कृषि उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सक्ने सम्भावना रहेको छ ।

६. यस प्रदेशका रुपन्देही, बाँके लगायतका भारतसँग सिमा जोडिएका जिल्लाहरुमा सञ्चालित होटल तथा क्यासिनोहरुमा प्रशस्त मात्रामा भारतीय पर्यटकहरु आउने गरेकोमा थप पर्यटकीय गन्तव्य तथा क्रियाकलाप पहिचान गर्न सकिएमा भारतीय पर्यटकहरुको बसाई अवधि लम्ब्याउन सकिने र थप विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ३ कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको क्षेत्रफल ०.२६ प्रतिशतले बढेको छ । गत वर्ष यस्तो क्षेत्रफल १.२५ प्रतिशतले बढेको थियो (तालिका ३.१) ।

**तालिका ३.१ प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्रको हिस्सा (हेक्टरमा)**

| बाली | आ.ब.२०८०/८१ (साउन- असार) | आ.ब.२०८१/८२ (साउन- असार) | आ.ब.२०८२/८३ (साउन- असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा बर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| खाद्य तथा अन्य बाली | ७,७७,३०२.०० | ७,८३,००३.०० | ७,८२,१०२.४१ | ०.७३ | – ०.१२ |
| तरकारी | ४३,४३८.०० | ४८,७६७.५० | ५३,१६२.५५ | १२.२७ | ९.०१ |
| फलफूल | २४,७८०.०० | २४,६८०.२५ | २२,७९५.७४ | – ०.४० | – ७.६४ |
| मसला | १२,२३८.०० | १२,०२७.८० | १२,६६५.४७ | – १.७२ | ५.३० |
| कुल | ८,५७,७५८.०० | ८,६८,४७८.५५ | ८,७०,७२६.१७ | १.२५ | ०.२६ |

*स्रोतः सम्वन्धित जिल्लामा रहेका कृषि ज्ञान केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय*

**खाद्य तथा अन्य बालीः** आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको प्रमुख कृषि उपजले ढाकेको कुल क्षेत्रफलमध्ये ८९.८२ प्रतिशत क्षेत्रफल खाद्य तथा अन्य बालीले ढाकेको छ । कुल खाद्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी ३८.५६ प्रतिशत क्षेत्रफल धान बालीले ढाकेको देखिन्छ भने गहुँ बाली, मकै बाली, तेलहन र दलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः २२.८८ प्रतिशत, १७.२८ प्रतिशत, ८.५५ प्रतिशत र ६.८३ प्रतिशत रहेको छ । सोही अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत आर्थिक वर्षको तुलनामा ०.१२ प्रतिशतले घटेको छ । गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ०.७३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल ०.६५ प्रतिशतले, तेलहन बालीले ढाकेको क्षेत्रफल १.६३ प्रतिशतले, आलु बालीले ढाकेको क्षेत्रफल ३.०१ प्रतिशतले, गहुँ बालीले ढाकेको क्षेत्रफल ३.२७ प्रतिशतले र उखु बालीले ढाकेको क्षेत्रफल १०.७२ प्रतिशतले बढेको छ । त्यसैगरी, जौ बालीले ढाकेको क्षेत्रफल ४.६४ प्रतिशतले, मकै बालीले ढाकेको क्षेत्रफल ४.५५ प्रतिशतले, दलहन बालीले ढाकेको क्षेत्रफल ५.०९ प्रतिशतले, कोदो बालीले ढाकेको क्षेत्रफल ८.९७ प्रतिशतले, फापर बालीले ढाकेको क्षेत्रफल २५.९९ प्रतिशतले र भटमास बालीले ढाकेको क्षेत्रफल २७.१७ प्रतिशतले घटेको छ ।

गत आर्थिक वर्षमा भटमास बालीले ढाकेको क्षेत्रफल १.२४ प्रतिशतले, मकै बालीले ढाकेको क्षेत्रफल ३.१५ प्रतिशतले, जौ बालीले ढाकेको क्षेत्रफल ४.८५ प्रतिशतले, गहुँ बालीले ढाकेको क्षेत्रफल ५.१७ प्रतिशतले, तेलहन बालीले ढाकेको क्षेत्रफल ७.५२ प्रतिशतले र आलु बालीले ढाकेको क्षेत्रफल ९.६६ प्रतिशतले बढेको थियो भने धान बालीले ढाकेको क्षेत्रफल ०.६७ प्रतिशतले, फापर बालीले ढाकेको क्षेत्रफल २.८७ प्रतिशतले, कोदो बालीले ढाकेको क्षेत्रफल १३.१५ प्रतिशतले, दलहन बालीले ढाकेको क्षेत्रफल १३.८४ प्रतिशतले र उखु बालीले ढाकेको क्षेत्रफल २५.२४ प्रतिशतले घटेको थियो ।

**चार्ट : ३.१ प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: सम्वन्धित जिल्लामा रहेका कृषि ज्ञान केन्द्र र एकीकृत कृषि तथा पशुपन्क्षी विकास कार्यालय*

**तरकारी तथा वागवानी:** आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ६.११ प्रतिशत क्षेत्रफल तरकारी तथा वागवानी बालीले ढाकेको छ। समीक्षा वर्षमा तरकारी तथा वागवानी बालीले ढाकेको क्षेत्रफल गतवर्षको तुलनामा ९.०१ प्रतिशतले बढेको छ।

**फलफूल तथा मसला:** आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलमध्ये फलफुल बालीले ढाकेको क्षेत्रफल २.६२ प्रतिशत र मसला बालीले ढाकेको क्षेत्रफल १.४५ प्रतिशत रहेको छ। समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ७.६४ प्रतिशतले घटेको छ भने मसला बालीले ढाकेको क्षेत्रफल ५.३० प्रतिशतले बढेको छ। गत वर्ष फलफूल बालीले ढाकेको क्षेत्रफल ०.४० प्रतिशतले र मसला बालीले ढाकेको क्षेत्रफल १.७२ प्रतिशतले घटेको थियो।

**तालिका ३.२ कृषि उपजले ढाकेको भू-क्षेत्रको जिल्लागत हिस्सा**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशगत जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| रुकुम (पूर्व) | ११,८८५ | ६६९ | ६३१ | ३३९ | १.५२ | १.२६ | २.७७ | २.६७ |
| रोल्पा | ४३,१९० | ६,०१६ | १,७५१ | १,७८८ | ५.५२ | ११.३२ | ७.६८ | १४.०९ |
| प्युठान | ३३,३१५.५ | १,७४६ | १,३९७ | १,४४७ | ४.२६ | ३.२८ | ६.१३ | ११.४० |
| गुल्मी | ३७,१९८ | १,८६५ | १,९१५ | ६२६ | ४.७६ | ३.५१ | ८.४० | ४.९३ |
| अर्घाखाँची | २७,३०९ | १,६२७ | २,३२३ | ७०९ | ३.४९ | ३.०६ | १०.१९ | ५.५९ |
| पाल्पा | ३९,४४२ | ३,२८१ | १,७१४ | २,०२९ | ५.०४ | ६.१७ | ७.५२ | १६.०० |
| नवलपरासी (पश्चिम) | ४४,३८७ | २२२५ | ३११६ | ५७६ | ५.६८ | ४.१९ | १३.६७ | ४.५४ |
| रुपन्देही | १,१७,२३९ | ९,४९३ | १,७७० | ७९२ | १४.९९ | १७.८६ | ७.७६ | ६.२४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कपिलवस्तु | १,३२,४५२ | ५,६४५ | २,७७१ | ८७३ | १६.९४ | १०.६२ | १२.१६ | ६.८८ |
| दाङ | १,०४,४७३ | ८,०२४ | २,१८८ | २,०३२ | १३.३६ | १५.०९ | ९.६० | १६.०२ |
| बाँके | ७९२२४ | ६,३५२ | १,१७० | ४९१ | १०.१३ | ११.९५ | ५.१३ | ३.८७ |
| बर्दिया | १,११,९८९ | ६,२२० | २,०५० | ९६३ | १४.३२ | ११.७० | ८.९९ | ७.५९ |
| जम्मा | ७,८२,१०२ | ५३,१६३ | २२,७९६ | १२,६६५ | १०० | १०० | १०० | १०० |

*स्रोत: सम्वन्धित जिल्लामा रहेका कृषि ज्ञान केन्द्र र एकीकृत कृषि तथा पशुपन्क्षी विकास कार्यालय*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कपिलवस्तु जिल्लाको हिस्सा सबैभन्दा बढी (१६.९४ प्रतिशत) र रुकुम (पूर्व) जिल्लाको हिस्सा सबैभन्दा कम (१.५२ प्रतिशत) रहेको छ । (तालिका ३.१) । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा बढी (१७.८६ प्रतिशत) र रुकुम (पूर्व) जिल्लाको हिस्सा सबैभन्दा कम (१.२६ प्रतिशत) रहेको छ । फलफूलले ढाकेको क्षेत्रफलमा नवलपरासी पश्चिम जिल्लाको हिस्सा सबैभन्दा बढी (१४.२२ प्रतिशत) र रुकुम (पूर्व) जिल्लाको हिस्सा सबैभन्दा कम (२.८८ प्रतिशत) रहेको छ । यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा  दाङ जिल्लाको हिस्सा सबैभन्दा बढी  (१६.०२ प्रतिशत) र रुकुम (पूर्व) जिल्लाको हिस्सा सबैभन्दा कम (२.६७ प्रतिशत) रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी, फलफूल तथा मसला) को उत्पादन ३.०३ प्रतिशतले बढेको छ । गतवर्ष यस्तो उत्पादन ३.९४ प्रतिशतले बढेको थियो ।

**तालिका ३.३ प्रमुख कृषि बालीको उत्पादन (मेट्रिक टनमा)**

| बाली | आ.ब.२०८०/८१ (साउन- असार) | आ.ब.२०८१/८२ (साउन- असार) | आ.ब.२०८२/८३ (साउन- असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा बर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| खाद्य तथा अन्य बाली | ३१,७७,६११.७९ | ३२,९०,७३२.६१ | ३३,७८,६३४.१६ | ३.५६ | २.६७ |
| तरकारी | ५,६२,९१७.०६ | ६,०७,६७१.१० | ६,४७,०११.८३ | ७.९५ | ६.४७ |
| फलफूल | २,३८,२९२.०७ | २,४०,९२७.१३ | २,३३,६५७.३६ | १.११ | - ३.०२ |
| मसला | १,१५,००७.७५ | १,१५,६६५.३७ | १,२४,८११.१५ | ०.५७ | ७.९१ |
| जम्मा | ४०,९३,८२८.६७ | ४२,५४,९९६.२१ | ४३,८४,११४.५० | ३.९४ | ३.०३ |

*स्रोत: सम्वन्धित जिल्लामा रहेका कृषि ज्ञान केन्द्र र एकीकृत कृषि तथा पशुपन्क्षी विकास कार्यालय*

**खाद्य तथा अन्य बाली:** लुम्बिनी प्रदेशमा समीक्षा वर्षमा समग्र कृषि बालीमध्ये खाद्य तथा अन्य बालीको उत्पादनको हिस्सा सबैभन्दा बढी अर्थात ७७.०६ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा मसला उत्पादनको २.८५ प्रतिशत रहेको छ । समीक्षा वर्षमा कृषि बालीमध्ये खाद्य तथा अन्य बालीको उत्पादन २.६७ प्रतिशत बढेकोमा गतवर्ष यस्तो उत्पादन ३.५६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा धानको उत्पादन १.५१ प्रतिशतले, गहुँको उत्पादन ८.९७ प्रतिशतले, आलुको उत्पादन २.८७ प्रतिशतले र उखुको उत्पादन ६.३६ प्रतिशतले बढेको छ । सोही अवधिमा मकैको उत्पादन २.२८ प्रतिशतले, कोदोको उत्पादन १०.६५ प्रतिशतले, जौको उत्पादन ७.३८ प्रतिशतले, फापरको उत्पादन २६.०६ प्रतिशतले, भटमासको उत्पादन २४.७६ प्रतिशतले

घटेको छ । कोदो र भटमास बालीको खेती गर्ने कृषक तरकारी बालीतर्फ आकर्षित भएकोले कोदो र भटमास बालीको उत्पादन घट्न गएको हो ।

गत वर्ष धानको उत्पादन ३.७२ प्रतिशतले, मकैको उत्पादन १०.५० प्रतिशतले, गहुँको उत्पादन ९.३३ प्रतिशतले, जौको उत्पादन ३५.०५ प्रतिशतले, आलुको उत्पादन १२.३७ प्रतिशतले, भटमासको २.७३ प्रतिशतले, तेलहन बालीको १०.०५ प्रतिशतले बढेको थियो भने सोही अवधिमा कोदोको उत्पादन १४.५४ प्रतिशतले, फापर बालीको उत्पादन ४१.५८ प्रतिशतले, उखु बालीको उत्पादन २४.५२ प्रतिशतले र दलहन बालीको उत्पादन ७.२७ प्रतिशतले घटेको थियो ।

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशमा भएको खाद्य तथा अन्य बालीको उत्पादनमा धान उत्पादनको हिस्सा ४०.७२ प्रतिशत, गहुँ उत्पादनको हिस्सा १९.४७ प्रतिशत, मकै उत्पादनको हिस्सा १४.४५ प्रतिशत, आलु उत्पादनको हिस्सा १३.११ प्रतिशत र उखु उत्पादनको हिस्सा ७.९६ प्रतिशत रहेको छ ।

**चार्ट ३.२: प्रमुख खाद्यान्न बालीहरुको उत्पादन (हजार मे.टनमा)**




*स्रोत: सम्वन्धित जिल्लामा रहेका कृषि ज्ञान केन्द्र र एकीकृत कृषि तथा पशुपन्क्षी विकास कार्यालय*

**तरकारी तथा बागवानी:** समीक्षा वर्षमा तरकारी तथा बागवानीको उत्पादन ६.४७ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी तथा बागवानीको उत्पादन ७.९५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा कुल कृषि उत्पादनमा तरकारी तथा बागवानी बालीको हिस्सा १४.७५ प्रतिशत रहेको छ ।

**फलफूल तथा मसला:** समीक्षा वर्षमा फलफूलको उत्पादन ३.०२ प्रतिशतले घटेको छ भने मसलाको उत्पादन ७.९१ प्रतिशतले बढेको छ । गत वर्ष फलफूलको उत्पादन १.११ प्रतिशतले बढेको थियो भने मसलाको उत्पादन ०.५७ प्रतिशतले बढेको थियो ।

खाद्य तथा अन्य बालीको उत्पादनमा कपिलवस्तु जिल्लाको हिस्सा सबैभन्दा बढी १६.९५ प्रतिशत र रुकुम (पूर्व) जिल्लाको सबैभन्दा कम १.४७ प्रतिशत रहेको छ। तरकारी तथा बागवानी उत्पादनमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा बढी १९.१७ प्रतिशत र रुकुम (पूर्व) जिल्लाको सबैभन्दा कम १.१७ प्रतिशत रहेको छ । फलफूल उत्पादनमा नवलपरासी (पश्चिम) जिल्लाको हिस्सा सबैभन्दा बढी २७.११ प्रतिशत र रुकुम (पूर्व) जिल्लाको सबैभन्दा कम २.४७ प्रतिशत रहेको छ । त्यसैगरी मसला उत्पादनमा पाल्पा जिल्लाको हिस्सा सबैभन्दा बढी १९.४१ प्रतिशत र बाँके जिल्लाको सबैभन्दा कम २.१२ प्रतिशत रहेको छ (तालिका ३.४) ।

**तालिका ३.४ कृषि उपज उत्पादनको जिल्लागत हिस्सा**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशगत जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| रुकुम (पूर्व) | ४९,५४४.९८ | ७,५७५ | ५,७७२ | २,९९१.५ | १.४७ | १.१७ | २.४७ | २.४० |
| रोल्पा | १,७८,५८८ | ७९,४८० | १६,५०८.९३ | १५,०३४.६६ | ५.२९ | १२.२८ | ७.०७ | १२.०५ |
| प्युठान | १,१८,१६६ | २१,५६३ | ७,७२८ | १६,४०३ | ३.५० | ३.३३ | ३.३१ | १३.१४ |
| गुल्मी | १,३८,३४० | २१,३३६ | १३,८२१ | ६,४०० | ४.०९ | ३.३० | ५.९२ | ५.१३ |
| अर्घाखाँची | १,०८,०१० | १८,९५९ | १४,८३१ | ८,६६५ | ३.२० | २.९३ | ६.३५ | ६.९४ |
| पाल्पा | १,४५,७७१ | ३८,०८६.१५ | १४,८३७.८७ | २४,२२८ | ४.३१ | ५.८९ | ६.३६ | १९.४१ |
| नवलपरासी (पश्चिम) | ३,४८,८९६ | ३०,३४९ | ६३,२८३.३ | ५,०६०.५ | १०.३३ | ४.६९ | २७.११ | ४.०५ |
| रुपन्देही | ५,०२,०८७ | १,२४,०२८ | १७,१४९ | ७,८७७ | १४.८६ | १९.१७ | ७.३५ | ६.३१ |
| कपिलवस्तु | ५,७२,६८२ | ५६,३४५.५६ | २४,६८०.५ | ५,८७१.६८ | १६.९५ | ८.७१ | १०.५७ | ४.७० |
| दाङ | ३,८०,००३.९६ | ९२,०५०.६ | २१,६१०.५१ | १९,१६६.९१ | ११.२५ | १४.२३ | ९.२६ | १५.३६ |
| बाँके | ३,३६,६२०.१६ | ८२,६३९.५२ | ११,३७९.२५ | २,६४८.९ | ९.९६ | १२.७७ | ४.८७ | २.१२ |
| बर्दिया | ४,९९,९२५ | ७४,६०० | २२,०५६ | १०,४६४ | १४.८० | ११.५३ | ९.४५ | ८.३८ |
| जम्मा | ३३,७८,६३४ | ६,४७,०१२ | २,३३,६५७ | १,२४,८११ | १०० | १०० | १०० | १०० |

*स्रोत: सम्बन्धित जिल्लामा रहेका कृषि ज्ञान केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय*

**बक्स १: शाह कृषि फार्म**

शुद्धोदन-२, कलुवा, रुपन्देहीमा करिब १५ बिगाहा क्षेत्रफलमा फैलिएको शाह कृषि फार्ममा मुख्यगरी अल्फान्सो, दसहरी, अम्रपाली लगायत १२ प्रजातीका आँप, २ प्रजातीका बेलौती, सुन्तला लगायतका फलहरु उत्पादन हुने गरेको छ। यस वर्ष करिब २,५०० के.जी. आँप उत्पादन गरी फार्मबाटै तथा रुपन्देही जिल्लाका स्थानीय बजारमा समेत बिक्री गरिएको छ । यस वर्षदेखी ५ कठ्ठा क्षेत्रफलमा स्ट्रबेरी खेती समेत सुरु गरिएको छ। यसका साथै करिब २ सय वटा खरायो, ३५० वटा कालिज, कुखुरा, बट्टाई लगायतका पंक्षीहरु तथा भैंसीपालन समेत गरिएको छ।







करिब १५ वर्ष पहिले देखि सुरुवात गरिएको यस फर्ममा करिब रु.३ करोड लगानी रहेको छ। वि.सं.२०८१ मा नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, राष्ट्रिय फलफूल विकास केन्द्र, काठमाडौंबाट उत्कृष्ट कृषक फर्मको रुपमा पुरस्कृत भएको थियो। हाल यहाँ १० जना नियमित कामदार तथा सिजनको बेलामा थप २५ जना कामदारले रोजगारी प्राप्त गरेको छन्।

*स्रोत: शाह कृषि फार्म*

## ३.३ पशुपन्छी, माछा उत्पादन

**पशुपन्छी उत्पादन:** समीक्षा वर्षमा लुम्बिनी प्रदेशमा ५,५१,८५८.५० हजार लिटर दुध, ८६,३९८.०७ मेट्रिक टन मासु र २,२१,७७१.०८ हजार अण्डा उत्पादन भएको छ। समीक्षा वर्षमा दुध उत्पादन ३.८६ प्रतिशतले बढेको छ भने मासु उत्पादन १२.४० प्रतिशतले र अण्डा उत्पादन ५.६७ प्रतिशतले घटेको छ। गत वर्ष दुध उत्पादन ३.३२ प्रतिशतले, मासु उत्पादन ५.४८ प्रतिशतले र अण्डा उत्पादन ४.६६ प्रतिशतले बढेको थियो। कुखुरापालनमा वर्ड फ्लु रोगले गर्दा अण्डा उत्पादन घट्न गएको देखिन्छ।

समीक्षा वर्षमा रुपन्देही जिल्लामा सबैभन्दा बढी (२०.६८ प्रतिशत) दुध उत्पादन भएको छ भने रुकुम (पूर्व) जिल्लामा सबैभन्दा कम (०.७३ प्रतिशत) उत्पादन भएको छ। मासु उत्पादनमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा बढी (१९.५२ प्रतिशत) र रुकुम (पूर्व) जिल्लाको सबैभन्दा कम (२.३९ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा दाङ जिल्लाको हिस्सा सबैभन्दा बढी (३८.९१ प्रतिशत) र रुकुम (पूर्व) जिल्लाको सबैभन्दा कम

(०.८३ प्रतिशत) रहेको छ। यसैगरी माछा उत्पादनमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा बढी (४०.३४ प्रतिशत) र रुकुम (पूर्व) जिल्लाको हिस्सा सबैभन्दा कम (नगन्य) रहेको छ (तालिका ३.५)।

**तालिका ३.५ पशुपन्छी तथा माछा उत्पादनको जिल्लागत हिस्सा**

| जिल्ला | उत्पादन | | | | प्रदेशगत जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मा.सु. (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दुध | मासु | अण्डा | माछापालन |
| रुकुम (पूर्व) | ४,०३२ | २,०६९ | १,८५१ | १.०४ | ०.७३ | २.३९ | ०.८३ | ०.०१ |
| रोल्पा | १६,६३३ | ३,२९४ | ३,३८३ | ९.३८ | ३.०१ | ३.८१ | १.५३ | ०.०५ |
| प्युठान | १९,६६४ | ५,३७८.१३ | १३,७५५.८४ | १३.२२ | ३.५६ | ६.२२ | ६.२० | ०.०७ |
| गुल्मी | २३,२५१ | ४,६९४ | ११,०२० | २०.६१ | ४.२१ | ५.४३ | ४.९७ | ०.१० |
| अर्घाखाँची | ३५,००८.५ | ३,९२९.४३ | ७,७६७.८५ | ६.०९ | ६.३४ | ४.५५ | ३.५० | ०.०३ |
| पाल्पा | ५३,८०६ | १०,७३०.०१ | १७,८९६.९९ | ७.७४३ | ९.७५ | १२.४२ | ८.०७ | ०.०४ |
| नवलपरासी (पश्चिम) | २९,९२३ | ४,६४३ | ७,०५६ | १४८६ | ५.४२ | ५.३७ | ३.१८ | ७.४९ |
| रुपन्देही | ११,४१३४ | १६,८६२ | १६,६५६.४ | ८००३ | २०.६८ | १९.५२ | ७.५१ | ४०.३४ |
| कपिलवस्तु | ५३,५४६ | ७,५३३.५ | ८,१८५ | ४९३१ | ९.७० | ८.७२ | ३.६९ | २४.८६ |
| दाङ | ३५,७६६ | ९,५०३ | ८६,३०२ | १५६६.९९ | ६.४८ | ११.०० | ३८.९१ | ७.९० |
| बाँके | १,००,१०५ | १०,४०८ | २३,८४५ | ४६ | १८.१४ | १२.०५ | १०.७५ | ०.२३ |
| बर्दिया | ६५,९८० | ७,३५४ | २४,०५२ | ३,७४६ | ११.९६ | ८.५१ | १०.८५ | १८.८८ |
| जम्मा | ५,५१,८४९ | ८६,३९८ | २,२१,७७१ | १९,८३७ | १०० | १०० | १०० | १०० |

*स्रोत: सम्वन्धित जिल्लामा रहेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र।*

**माछा उत्पादन:** समीक्षा वर्षमा लुम्बिनी प्रदेशमा १९,८३७.०७ मेट्रिक टन माछा उत्पादन भएको छ। समीक्षा वर्षमा माछा उत्पादन १८.८८ प्रतिशतले बढेको छ। गत वर्ष माछा उत्पादन १६.७५ प्रतिशतले बढेको थियो। माछा उत्पादनलाई प्रवर्द्धन गर्न सुपरजोन कार्यक्रम सञ्चालनमा रहेकोले माछा उत्पादनमा वृद्धि भएको हो।

## ३.४ वनजन्य उत्पादन

समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा ४५ लाख ९३ हजार ७ सय १४ क्युविक फिट काठ, १० हजार ३ सय ७० चट्टा दाउरा, २ हजार ८ सय ४७ मेट्रिक टन औषधिजन्य वस्तु उत्पादन भएको छ। वनजन्य उत्पादनतर्फ काठ उत्पादन ११.९१ प्रतिशत, अन्य उत्पादन २०२.३४ प्रतिशत र औषधिजन्य उत्पादन ३२.८० प्रतिशतले बढेको छ भने दाउरा उत्पादन ३.०७ ले घटेको छ। समीक्षा अवधिमा गुल्मी जिल्लामा रहेका सामुदायिक वनहरुबाट खोटो संकलन कार्य अधिक भएकाले अन्य उत्पादन बढ्न गएको हो। गत वर्ष काठ उत्पादन १४.८७ प्रतिशतले र दाउरा उत्पादन २९.४९ प्रतिशतले बढेको थियो भने अन्य उत्पादन २७.९६ प्रतिशतले घटेको थियो।

## ३.५ सिँचाई तथा मौसम

समीक्षा वर्षसम्ममा यस प्रदेशको कुल खेती गरिएको (५ लाख ५३ हजार ८ सय १६ हेक्टर) क्षेत्रफलमध्ये ४६.२९ प्रतिशत ((२ लाख ५६ हजार ३ सय ३९ हेक्टर) क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ । सिँचाईका प्रकारहरुमध्ये नहरबाट हुने सिँचाई ५४.८७ प्रतिशत रहेको छ (चार्ट नं. ३.३) ।

**चार्ट ३.३: सिंचित क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: सम्बन्धित जिल्लामा रहेका जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.७८ प्रतिशतले वृद्धि भएको छ भने कुल खेतीयोग्य क्षेत्रफल र खेती गरिएको क्षेत्रफलमा परिवर्तन भएको छैन । गत वर्ष कुल खेतीयोग्य क्षेत्रफलमा २.५४ प्रतिशत र खेती गरिएको क्षेत्रफल १.३५ प्रतिशत घटेको थियो ।

## ३.६ क्षेत्रगत कृषि कर्जा

२०८३ असार मसान्तमा यस प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.९० प्रतिशतले कमी आई रु. ५० अर्ब २१ करोड प्रवाह भएको छ । गत वर्ष यस्तो कर्जा ३.४६ प्रतिशतले घटेको थियो । यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको ८.४० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् । कुल कृषि कर्जा मध्ये लुम्बिनी प्रदेशमा प्रवाह भएको कृषि कर्जाको हिस्सा १५.२१ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.९० प्रतिशत, दाङ जिल्लाको हिस्सा १५.३६ प्रतिशत, बाँके जिल्लाको हिस्सा १२.०० प्रतिशत, कपिलवस्तु जिल्लाको १०.६१ प्रतिशत, नवलपरासी (पश्चिम) जिल्लाको हिस्सा ८.३० प्रतिशत, बर्दिया जिल्लाको हिस्सा ५.५० प्रतिशत, पाल्पा जिल्लाको हिस्सा २.२२ प्रतिशत, गुल्मी जिल्लाको १.१९ प्रतिशत, प्युठान जिल्लाको हिस्सा १.१४ प्रतिशत, रोल्पा जिल्लाको हिस्सा ०.७० प्रतिशत, अर्घाखाँची जिल्लाको हिस्सा ०.६९ प्रतिशत र सबैभन्दा कम रुकुम (पूर्व) जिल्लाको ०.४१ प्रतिशत रहेको छ ।

**तालिका ३.६ जिल्लागत कृषि कर्जा**

| जिल्ला | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | कृषि कर्जा (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) | कृषि कर्जा (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) | |
| रुकुम (पूर्व) | २००.६५ | ०.४० | २०४.५१ | ०.४१ | १.९२ |
| रोल्पा | ३५१.११ | ०.६९ | ३४९.१९ | ०.७० | -०.५५ |
| प्युठान | ६६९.५८ | १.३२ | ५७०.०९ | १.१४ | -१४.८६ |
| गुल्मी | ५९१.५२ | १.१७ | ५९६.९८ | १.१९ | ०.९२ |
| अर्घाखाँची | ४०५.७४ | ०.८० | ३४६.२७ | ०.६९ | -१४.६६ |
| पाल्पा | ११३५.३९ | २.२४ | १,११२.३५ | २.२२ | -२.०३ |
| नवलपरासी (पश्चिम) | ४,१५७.०३ | ८.२० | ४,१६८.३८ | ८.३० | ०.२७ |
| रुपन्देही | २२,१९१.८१ | **४३.८०** | २१,०३७.८९ | **४१.९०** | -५.२० |
| कपिलवस्तु | ५,१९५.०८ | १०.२५ | ५,३२९.८४ | १०.६१ | २.५९ |
| दाङ | ७,११५.२८ | १४.०४ | ७,७१३.२८ | १५.३६ | ८.४० |
| बाँके | ६,०११.६३ | ११.८६ | ६,०२३.७१ | १२.०० | ०.२० |
| बर्दिया | २,६४२.३८ | ५.२२ | २,७५९.३४ | ५.५० | ४.४३ |
| जम्मा | ५०,६६७.२१ | १०० | ५०,२११.८२ | १०० | |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.७ कृषि क्षेत्रका चुनौती तथा सम्भावना

### ३.७.१. चुनौती

१. पहाडी जिल्लाका ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतिर बसाइँसराइ तीव्र भई ग्रामीण क्षेत्रका राम्रो कृषि उत्पादन हुनसक्ने खेतीयोग्य जमिन बाँझो रहँदा ती खेतीयोग्य जमिनमा खेती गर्ने वातावरण सिर्जना गरी उत्पादन बढाउने कार्य चुनौतीपुर्ण छ ।

२. प्रदेशका विशेषगरी पहाडी जिल्लाहरुमा बाँदर, बदेल लगायत जङ्गली जनावरहरुले खेती नष्ट गर्ने गरेकाले ति जनावरहरुबाट अन्नबालीको संरक्षण गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. कृषि पूर्वाधारको विकास, प्राविधिकको सहज उपलब्धता, उन्नत बीउ तथा मल, सिँचाई, कृषि कर्जा तथा अनुदान लगायत कृषकलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने कार्य चुनौतीपूर्ण छ ।

४. अनौपचारिकरुपमा आयात भएका खाद्य तथा अन्य बाली, फलफूल तथा तरकारीका कारण स्वदेशी उत्पादनले उचित मूल्य पाउन नसकेको अवस्थामा स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता बढाउने कार्य चुनौतीपूर्ण छ ।

५. शीत भण्डारको सीमितता र भएका शीत भण्डारहरु पनि प्रभावकारीरुपमा सञ्चालन हुन नसकेको अवस्थामा कृषि उपजको भण्डारण गरी उत्पादनहरुको गुणस्तर कायम राख्ने कार्य चुनौतीपूर्ण छ ।

६. जलवायु परिवर्तनले परम्परागत पानीको स्रोत, कुवा तथा मुलहरु सुक्दै जानु, सुख्खा खडेरीको अवस्था दोहोरिनु, बेमौसमी वर्षाले बाली विग्रनु, खेतीबालीमा रोग किराको समस्या, सिँचाइमा समस्या, बालीचक्रमा समस्या र जैविक विविधतामा समेत ह्रास हुन थालेकोले जलवायु परिवर्तनबाट हुने क्षतीलाई न्यूनिकरण गरी दिगो रुपमा कृषि उत्पादन गर्नु कार्य चुनौतीपूर्ण रहेको छ ।

### ३.७.२. सम्भावना

१. प्रदेश सरकारका कृषि क्षेत्र मैत्री नीति तथा कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन हुन सकेमा यस प्रदेशमा खाद्यान्न बाली, माछापालन, तरकारी तथा फलफुलको उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

२. कृषि सँग सम्बन्धित सरकारी संगठनात्मक संरचनाहरु स्थानीय तहसम्म विस्तार भएको र स्थानीय सरकारको पहलमा स्थानीय उत्पादनको उत्पादन वृद्धि तथा बजारीकरण हुन सकेमा कृषि पेशासँग सम्बन्धित व्यक्तिहरुको आम्दानी वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

३. कृषि बजार सडक सञ्जालसंग जोडिनु, पुँजी, ज्ञान र सीपसहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गर्ने अनुकुल नीतिहरु वननु, कृषि सम्बद्ध विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थामार्फत परियोजना सञ्चालनमा हुनु, खानपानको चेतना तथा व्यवहारमा भएको परिवर्तनले तरकारी, फलफूल तथा पशुजन्य उत्पादनको माग बढेको कारणले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढ्ने सम्भावना रहेको छ ।

४. प्रदेशस्थित विभिन्न जिल्लाहरुमा कृषकहरु परम्परागत कृषि उत्पादनभन्दा फरक आधुनिक फलफूल खेती जस्तै ड्रयागन फ्रुट र केरा खेतीमा आकर्षित भएको देखिन्छ । यस्तो खेतीबाट कृषकको आम्दानीमा वृद्धि हुने सम्भावना देखिन्छ ।

५. यस प्रदेशका पहाडी तथा हिमाली जिल्लामा प्रशस्त मात्रामा प्राकृतिक घाँस पाईने हुनाले पशुपालनलाई पहिलो प्राथमिकतामा राखेर स्थानीय उत्पादनमा जोड दिन सकेमा कृषि क्षेत्रमा स्वरोजगार सिर्जना गरी कृषकको आम्दानी बढाउन सकिने सम्भावना रहेको छ ।

६. कृषिको लागि समयमै उन्नत बीउविजन तथा मलको उपलब्धता, सिँचाई सुविधा, कृषि तथा पशुपालन व्यवसायमा देखिने रोगहरुको समयमै रोकथाम तथा नियन्त्रण, पहाडी भागहरुमा बाँदर, बदेल तथा अन्य वन्यजन्तुबाट कृषि तथा पशुपालनमा हुने क्षतिलाई नियन्त्रण गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने सम्भावना रहेको छ ।

# परिच्छेद ४: उद्योग क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १५.३२ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । गत वर्ष यस्तो हिस्सा १४.०० प्रतिशत रहेको थियो । यस प्रदेशको उद्योग क्षेत्रमा साना तथा मझौला उद्योगहरुको हिस्सा उल्लेख्य रहेको छ । लुम्बिनी प्रदेश सरकारको आर्थिक सर्वेक्षण अनुसार आर्थिक वर्ष. २०८२/८३ को फागुन मसान्तसम्ममा लुम्बिनी प्रदेश मातहत दर्ता भएका लघु, घरेलु, तथा साना उद्योगको संख्या ३५ हजार ४ सय ५० रहेको छ। त्यसैगरी २०८२ फागुन मसान्तसम्ममा वाणिज्यतर्फ ४९ हजार ९ सय ७ फर्महरु दर्ता भएका छन् ।

यस प्रदेशमा रहेको बुटवल औद्योगिक क्षेत्रमा ६६ र नेपालगञ्ज औद्योगिक क्षेत्रमा ३१ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् । बुटवल औद्योगिक क्षेत्रमा ३ वटा र नेपालगञ्ज औद्योगिक क्षेत्रमा ३ वटा उद्योगहरु वनद अवस्थामा रहेका छन् । त्यसैगरी, रुपन्देही जिल्लामा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) मा हाल १३ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् भने ६ वटा उद्योग निर्माणको क्रममा रहेका छन् ।

*स्रोतः आर्थिक सर्वेक्षण २०८२/८३, लुम्बिनी प्रदेश ।*

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

उद्योग क्षेत्रको आर्थिक गतिविधि अध्ययन गर्न कूल ३२ उद्योगहरुबाट तथ्याङ्क संकलन गरिएको छ । ती उद्योगहरुबाट प्राप्त तथ्याङ्कको आधारमा समीक्षा वर्षमा उद्योगहरुको औसत क्षमता उपयोग (भारित औषत) ४८.४४ प्रतिशत रहेको छ । गत वर्ष यस्तो क्षमता उपयोग ४८.४० प्रतिशत रहेको थियो । यस अध्ययनमा समेटिएका वनस्पती घिउ तथा तेल, अन्न तथा पशुदाना, अन्य खाद्यपदार्थ, पेय पदार्थ, लत्ताकपडा, काठ तथा काठका सामान, आधारभूत रसायन, अन्य रासायनिक पदार्थ, प्लाष्टिकका सामान, गैरधातु खनिजजन्य उत्पादन, फेब्रिकेटेड धातुका सामान, बिजुलीका उपकरण तथा जुत्ता/चप्पल लगायतका उद्योगहरुमध्ये समीक्षा अवधिमा सबैभन्दा बढी चाउचाउ उत्पादन गर्ने उद्योगले १०६.४२ प्रतिशत र सबैभन्दा कम ड्राई सिरप उत्पादन गर्ने उद्योगले ९.४३ प्रतिशत क्षमता उपयोग गरेका छन् (चार्टः ४.१) ।

**चार्ट ४.१: औद्योगिक क्षमता उपयोग (प्रतिशत)**




*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

## औद्योगिक उत्पादनको अवस्था

समीक्षा वर्षमा नमूना छनौटमा परेका उद्योगहरुमध्ये गत वर्षको तुलनामा सबैभन्दा बढी आल्मुनियम उत्पादन (विभिन्न साइजका प्रेशरकुकर) ३४४.४३ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा बढी चामल (FR) र प्लाष्टिकका सामान को उत्पादनमा क्रमशः ३४.७० प्रतिशत र ३१.०० प्रतिशतले ह्रास आएको छ। आल्मुनियम उत्पादन गर्ने नमूनामा छनौट भएको उद्योगको उत्पादन क्षमता साविकभन्दा समीक्षा अवधिमा वृद्धि गरिएको हुँदा उत्पादनमा वृद्धि देखिएको हो । विश्व खाद्य कार्यक्रमको अनुदानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट कर्णाली आसपासका क्षेत्रको लागि भिटामिन मिसाईएको चामल(FR)को उत्पादन भईरहेकोमा उक्त अनुदान कार्यक्रम वनद भई मिति २०८२ असोज महिनादेखि उक्त प्रकृतिको चामलको उत्पादन ठप्प भएको हुँदा उत्पादनमा कमी देखिएको हो । त्यसैगरी, प्लाष्टिक सामानको बजारमाग राम्रै भएतापनि पेट्रोलियम पदार्थको मूल्यमा भएको उच्च मूल्यवृद्धिको कारण प्लाष्टिकको सामान उत्पादनमा प्रतिकूल असर परेको हो (तालिका ४.१) ।

**तालिका ४.१: औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | आर्थिक वर्ष २०८१/८२ | आर्थिक वर्ष २०८२/८३ | समीक्षा बर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | ४,०७५ | ३,८६५ | - ५.१५ |
| चामल | मे.टन | २,९६३.८८ | १,९३५.५४ | - ३४.७० |
| प्लाष्टिकका सामान | मे.टन | ५,४७७ | ३,७७९ | - ३१.०० |
| चप्पल | जोर | २०,८७,११३ | १६,७७,३७२ | - १९.६३ |
| प्लाईउड | हजार गोटा | ७६,१८७.५ | ६४,७४६.७८ | - १५.०२ |
| पशुदाना | मे.टन | १५,१५९ | १३,९०० | - ८.३१ |
| रोजिन | मे.टन | ४,७६१.९५ | ४,४३५.७७ | - ६.८५ |
| Capsule | हजार थान | ३५,१३१.५ | ३६,२७६.४६ | ३.२६ |

| | | | | |
|---|---|---|---|---|
| साबुन | मे.टन | ७,३८७ | ७,७८४ | ५.३७ |
| Tablet | हजार थान | ४,३६,४८२ | ४,६२,४००.१ | ५.९४ |
| Liquid | हजार बोतल | १,५२८.४८ | १,६२०.२८ | ६.०१ |
| Ointment | हजार ट्युब | १,२६४.८१ | १,३६७.२२६ | ८.१० |
| गहुंको पिठो | मे.टन | ४८,८२८.४ | ५२,८०१.२७ | ८.१४ |
| Dry Syrup | हजार बोतल | १७२.८६ | १८८.५१२ | ९.०५ |
| सिमेण्ट | मे.टन | २०,७०,५१४ | २२,९५,८४४ | १०.८८ |
| कंक्रीट | मे.टन | २३,६४,९१४ | २६,२८,४०८ | ११.१४ |
| मदिरा | हजार लिटर | १६,६५८.३ | १९,११५.२८ | १४.७५ |
| सिन्थेटिक कपडा | मे.टन | ८,९३० | १०,३१२ | १५.४८ |
| फलामको छड ,पत्ति तथा सामानहरु | मे.टन | २,०८,१४३ | २,४०,८०९ | १५.६९ |
| कागज | मे.टन | २,६०० | ३,२६० | २५.३८ |
| चाउचाउ | मे.टन | ७,५४४ | ९,६८४ | २८.३७ |
| बिजुलीका तार र केबुल | क्वायल कि.मि. | ६,४३,९८३ | १०,५५,०२८ | ६३.८३ |
| आल्मुनियम उत्पादन | हजार थान | ८४.६३ | ३७६.११ | ३४४.४३ |

*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

### रोजगारी

अध्ययनमा समेटिएका ३२ वटा उद्योगहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा ती उद्योगहरुले १ हजार ३९ जना महिला र ५ हजार ८ सय ९९ जना पुरुष गरी जम्मा ६ हजार ९ सय ३८ जनालाई रोजगारी प्रदान गरेका छन् । अघिल्लो वर्ष २८ वटा उद्योगहरुबाट प्राप्त तथ्याङ्क अनुसार यस्तो रोजगारी ६ सय ४१ जना महिला र ४ हजार ४ सय ५३ जना पुरुष गरी जम्मा ४हजार ८ सय ८८ जनाले पाएका थिए ।

**बक्स २: फस्ट च्वाईस फुड्स लिमिटेड**

**फस्ट च्वाईस फुड्स लिमिटेड** रुपन्देही जिल्लाको शुद्धोदन-४, मैनहियामा अवस्थित आलु प्रशोधनको उद्योग हो । उद्योगमा उच्च गुणस्तरका French Fries उत्पादन गर्ने गरिएको छ भने Potato Wedges, Potato Tikki, Crincle Cut लगायत उत्पादनहरु उत्पादन गर्ने लक्ष्य राखिएको छ ।



वि.सं.२०७४ मा दर्ता भएको यस उद्योगले वि.सं.२०८२ देखी उत्पादन सुरु गरेको हो । रु.१ अर्ब ७० करोड लगानीमा स्थापना भएको यस उद्योगले आर्थिक वर्ष २०८२/८३ मा रु.२२ करोड ३७ लाखको कारोबार गरेको थियो । करिब ५ बिघाहा क्षेत्रफलमा फैलिएको यस उद्योगमा प्रत्यक्ष रुपमा १४५ जना कर्मचारी तथा कामदारले रोजगारी प्राप्त गरेका छन् भने करिब ७ हजार भन्दा बढी किसान आलु उत्पादन प्रणालीसँग प्रत्यक्ष जोडिएर लाभान्वित भएका छन् । हाल करिब ८८ प्रतिशत उत्पादन अमेरिका, अष्ट्रेलिया, द.कोरिया जस्ता देशमा निर्यात भईरहेका छ भने बाँकी आन्तरिक बजारमा खपत भईरहेको छ ।

*स्रोत: फस्ट च्वाईस फुड्स लिमिटेड*

### ४.२ क्षेत्रगत औद्योगिक कर्जा

लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा ४.४३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४७ अर्ब २८ करोड पुगेको छ । २०८२ असार मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा ६.९३ प्रतिशतले वृद्धि भएको थियो । २०८३ असार मसान्तमा कुल औद्योगिक कर्जामध्ये विद्युत, ग्यास तथा पानी उत्पादन उद्योग, निर्माण क्षेत्र तथा गैर–खाद्य वस्तु उत्पादन सम्वनधी उद्योगमा प्रवाह भएको कर्जामा वृद्धि भएको छ भने खानी सम्वनधी उद्योग, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक एवं कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्वनधी उद्योगमा प्रवाह भएको कर्जामा ह्रास आएको छ ।

२०८३ असार मसान्तमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा २४.६३ प्रतिशत रहेको छ । प्रवाहित कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्वनधी उद्योगहरुमा ४१.५३ प्रतिशत रहेको छ भने सबैभन्दा कम खानी सम्वनधी उद्योगमा ०.८२ प्रतिशत रहेको छ (तालिका ४.२) ।

तालिका ४.२: कुल औद्योगिक कर्जा तथा क्षेत्रगत हिस्सा (प्रतिशत) (रु.दश लाखमा)

| विवरण | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८३ असार मसान्त | प्रतिशत परिवर्तन २०८२ | प्रतिशत परिवर्तन २०८३ | हिस्सा |
|---|---|---|---|---|---|---|
| खानी | १,१७३.७० | १५७६.९३ | १,२१४.३६ | ३४.३५ | -२२.९९ | ०.८२ |
| कृषि/वन/पेय | ५२,९९९.७२ | ६१,५३२.२० | ६१,१५९.२२ | १६.१० | -०.६१ | ४१.५३ |
| गैरखाद्य वस्तु | ५६,३४६.०६ | ५५,००२.६५ | ५६,१९१.९८ | -२.३८ | २.१६ | ३८.१५ |
| निर्माण | १२,८२५.७७ | १२,११७.८६ | १५,३३२.९४ | -५.५२ | २६.५३ | १०.४१ |
| विद्युत/ग्यास/पानी | १०६९.५५ | १,४०८.३४ | ४,९२१.७८ | ३१.६७ | २४९.४७ | ३.३४ |
| धातुका उत्पादन/मेशिनरी/ईलेक्ट्रोनिक्स | ७,४७२.०३ | ९,३८८.१७ | ८,४५६.०४ | २५.६४ | -९.९३ | ५.७४ |
| जम्मा | १३१८८६.४१ | १,४१,०२६.१५ | १४७,२७६.३२ | ६.९३ | ४.४३ | |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ औद्योगिक क्षेत्रको चुनौती

१. स्वदेशी औद्योगिक कच्चा पदार्थको अभावका कारण कच्चा पदार्थ वाह्य देशबाट आयात गर्दा वढी मूल्य र समय लाग्ने हुँदा उत्पादित वस्तुको मूल्य प्रतिस्पर्धी वनाउने कार्य चुनौतीपूर्ण छ ।

२. वैदेशिक रोजगारमा जाने युवाहरुको संख्या उल्लेख्य रुपमा वृद्धि भईरहेकोले स्थानीय स्तरमा उद्योगको लागि दक्ष जनशक्ति पूर्ति गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. पेट्रोलियम पदार्थको मूल्यमा भएको अत्यधिक वृद्धिको कारण उद्योगहरुको लागत वृद्धि भई त्यसको प्रतिकूल असर उपभोक्तामा परेको हुँदा मुल्यस्तर सन्तुलनमा राख्न चुनौती छ । साथै, सडकको जीर्ण अवस्थाका कारण ढुवानी खर्च समेतमा वृद्धि भएकोले मूल्य सन्तुलन कायम राख्न चुनौतीपूर्ण रहेको छ ।

## ४.३.१ औद्योगिक क्षेत्रको सम्भावना

१. आवश्यक कच्चा पदार्थको सहज उपलब्धता तथा Sponge iron को आयातमा न्यून भन्सार लागतको कारण स्टील उद्योगहरुको लागतमा कमी आई स्टील मागमा वृद्धि देखिदा नवलपरासी (पश्चिम), रुपन्देही तथा बाँके लगायतका जिल्लाहरुमा स्टील उत्पादनको राम्रो सम्भावना रहेको देखिन्छ ।

२. भैरहवास्थित विशेष आर्थिक क्षेत्रमा निर्यातजन्य नयाँ उद्योगहरु सञ्चालनमा आउने क्रम बढेकोले यस क्षेत्रमा औद्योगिक उत्पादनमा वृद्धि हुनुका साथै निर्यात वृद्धि गर्न सकिने सम्भावना रहेको छ । नेपालगञ्ज सुख्खा वनदरगाहमा Integrated Check Post (ICP) निर्माण अन्तिम चरणमा रहेको हुँदा सञ्चालन पश्चात् व्यापार सहजीकरण तथा राजस्व संकलन वृद्धि हुनसक्ने सम्भावना रहेको छ ।

३. दाङ, अर्घाखाँची तथा पाल्पा जिल्ला प्राकृतिक रुपले चुन ढुङ्गा (लाइमस्टोन) जस्ता कच्चा पदार्थले सम्पन्न भएकाले स्थानीय उत्पादन लागत कम हुने र सिमेण्ट उद्योग दिगो रुपमा सञ्चालन गर्न सकिने अवस्था रहेको छ । यस क्षेत्रमा रहेका ठुला सिमेन्ट उद्योगहरुले देशको आयात निर्भरता घटाउने मात्र होइन, गुणस्तरीय सिमेन्ट उत्पादन गरी राष्ट्रिय स्तरको माग धान्ने क्षमता पनि बढाउने सम्भावना देखिन्छ ।

# परिच्छेद ५: सेवा क्षेत्र

लुम्बिनी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। यस प्रदेशको आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५४.९२ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस परिच्छेदमा लुम्बिनी प्रदेशको पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत अन्य सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रमा देखिएका चुनौती तथा सम्भावनाहरु समेटिएका छन् ।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेश अन्तर्गत नमुना छनोटमा समावेश गरिएका १२ होटलहरुमा ९१८ शैया संख्या रहेको छ भने शैया बिक्री संख्या ९९ हजार ३ सय ८९ रहेको छ। त्यसैगरी, उक्त होटलहरुमा भारत, चीन तथा तेस्रो मुलुकबाट आएका पर्यटकको संख्या ५४ हजार ६ सय ७७ रहेको छ । समग्रमा होटलहरुको अकुपेन्सी दर २९.६६ प्रतिशत रहेको छ। आ.व.२०८१/८२ को तुलनामा समीक्षा वर्षमा होटल शैया संख्या ५.७६ प्रतिशतले वृद्धि भएको छ भने शैया बिक्री संख्या, पर्यटक आगमन संख्या र अकुपेन्सी दरमा क्रमशः ३.१९, ८.६१ र ८.४७ प्रतिशतले कमी आएको छ। समीक्षा अवधिमा नेपालमा भएको जेन्जी आन्दोलन र मध्यपूर्वि क्षेत्रमा भएको द्वन्दको कारण शैया बिक्री संख्या, पर्यटक आगमन संख्या र अकुपेन्सी दरमा कमी आएको देखिन्छ (तालिका ५.१) ।

**तालिका ५.१ : पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर**

| | आ.ब.२०८०/८१ (साउन- असार) | आ.ब.२०८१/८२ (साउन- असार) | आ.ब.२०८२/८३ (साउन- असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा बर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| होटल शैयाको संख्या | ७७८ | ८६८ | ९१८ | ११.५७ | ५.७६ |
| कोठा/शैया विक्रि संख्या | १,०४,०६० | १,०२,६६८ | ९९,३८९ | - १.३४ | - ३.१९ |
| प्रत्यक्ष रोजगारी संख्या | ७९९ | ७८८ | ७४२ | - १.३८ | - ५.८४ |
| (क) पुरुष संख्या | ५७४ | ५५० | ५१३ | - ४.१८ | - ६.७३ |
| (ख) महिला संख्या | २२५ | २३८ | २२९ | ५.७८ | - ३.७८ |
| पर्यटक आगमन | ५७,५३२ | ५९,८२९ | ५४,६७७ | ३.९९ | - ८.६१ |
| भारत | ४०,५६९ | ४१,५४४ | ४८,२४६ | २.४० | १६.१३ |
| चीन | ३,९२३ | २,५८९ | २,०७० | - ३४.०० | - २०.०५ |
| तेस्रो मुलुक | १३,०४० | १५,६९६ | ४,३६१ | २०.३७ | - ७२.२२ |
| अकुपेन्सी दर | ३६.६४ | ३२.४१ | २९.६६ | - ११.५७ | - ८.४७ |

*स्रोतः नमूना छनौटमा परेका होटल।*

**बक्स ३ :ढोलीमारा सामुदायिक होमस्टे**

ढोलीमारा सामुदायिक होमस्टे पूर्वखोला-२, जल्पा, पाल्पामा स्थानीयद्वाराले २०७९ बाट सुरुवात गरिएको हो । ३७ जना सञ्चालक सदस्यहरु संलग्न रहेको यस होमस्टेमा २६ घरमा बास बस्ने व्यवस्था गरिएको छ भने एकपटकमा ९० जनासम्म पाहुना राख्न सक्ने क्षमता रहेको छ ।



आ.व.२०८२/८३ मा करिब २५०० जनालाई आतिथ्यता प्रदान गरेको यस होमस्टेले करिब रु.२० लाख आम्दानी गरेको थियो । जिल्ला सदरमुकाम तानसेनबाट ३४ कि.मि.पूर्वमा रहेको यो स्थान समुन्द्र सतहबाट १७८६ मिटर उचाईसम्म फैलिएको हुनाले विशेष गरी गर्मी याममा लुम्बिनी प्रदेशका तराई क्षेत्रबाट गर्मी छल्न आन्तरिक पर्यटकको घुँइचो लाग्ने गर्दछ । समुदायले होमस्टे सँगसँगै यहाँका प्रमुख पर्यटकीय स्थलहरुः चूलीडाँडा, कबुलियती वनमा अम्रिसो खेती, खाँडदेवी गुफा, किवी पकेट क्षेत्र, स्काई टावर पनि सफलतापूर्वक व्यवस्थापन गरिरहेका छन् ।

झ्याउरे, घाटु, ठूलो नाच(मारुनी), पञ्चेबाजा जस्ता साँस्कृतिक प्रस्तुती र मकै, बटुक, भटमास तथा कोदोको रोटी जस्ता स्थानीय खानाको परिकार सहितको घरवास यहाँको होमस्टेका प्रमुख विशेषताहरु हुन् ।

*स्रोतः ढोलिमारा सामुदायिक होमस्टे*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा यस प्रदेशमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ७.९९ प्रतिशतले वृद्धि भई १ लाख १० हजार ३ सय ५६ भएको छ । गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या २०.४३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व गत वर्षको सोही अवधिको तुलनामा ३६.८९ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब १९ करोड ६८ लाख संकलन भएको छ । गत वर्षको सोही अवधिमा राजस्व ५.४५ प्रतिशतले कम भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा घर/भवन स्थायी नक्सा पास सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ९.५९ प्रतिशतले कमी आई ५ हजार १ सय ३० पुगेको छ । गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ५.९५ प्रतिशतले ह्रास भएको थियो (तालिका ५.२)।

**तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| | आ.ब.२०८०/८१ (साउन- असार) | आ.ब.२०८१/८२ (साउन- असार) | आ.ब.२०८२/८३ (साउन- असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ८४,८६० | १,०२,१९४ | १,१०,३५६ | २०.४३ | ७.९९ |
| घर/भवन स्थायी नक्सा पास संख्या | ६,०३३ | ५,६७४ | ५,१३० | -५.९५ | -९.५९ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | ३,२४२.५३ | ३,०६५.९१ | ४,१९६.८२ | -५.४५ | ३६.८९ |

*स्रोत: मालपोत कार्यालयहरु तथा उप-महानगरपालिका/नगरपालिका कार्यलय र भूमि व्यवस्थापन तथा अभिलेख विभाग।*

## ५.३ वित्तीय सेवा

### बैंक तथा वित्तीय संस्थाको वर्तमान अवस्था

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको तुलनामा १९.९७ प्रतिशतले वृद्धि भई रु.७ खर्ब ९१ अर्ब ९४ करोड ६ लाख पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा गत वर्षको तुलनामा ३.५९ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ९७ अर्ब ९९ करोड ४० लाख पुगेको छ । बैंक तथा वित्तीय संस्था (घ वर्गको समेत) को शाखा संख्यामा ३.४ प्रतिशतले कमी आई २०८३ असार मसान्तसम्ममा २०७४ पुगेको छ ।

त्यसैगरी, २०८३ असार मसान्तसम्ममा यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्था (क, ख र ग वर्गमात्र) मा रहेका निक्षेपकर्ताको संख्या ३.७० प्रतिशतले वृद्धि भई ९७ लाख ७७ हजार ७ सय ४६ पुगेको छ भने ऋणीहरुको संख्या ३.१८ प्रतिशतले वृद्धि भई २ लाख ९९ हजार ४ सय १३ पुगेको छ । समिक्षा अवधिमा यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुको निष्कृय कर्जा ७.२४ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा ५.९८ प्रतिशत रहेको थियो (तालिका ५.३) ।

**तालिका ५.३: बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण**

| विवरण | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८३ असार मसान्त | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल निक्षेप (रु.दश लाखमा) | ५,७१,८५५.३९ | ६,६०,१०३.२२ | ७,९१,९४०.६७ | १५.४३ | १९.९७ |
| निक्षेपकर्ताको संख्या | ८८,३९,८४६.०० | ९४,२९,१९२.०० | ९७,७७,७४६.०० | ६.६७ | ३.७ |
| कुल कर्जा (रु.दश लाखमा) | ५६०,९०१.०० | ५७७,२७६.०९ | ५,९७,९९४.०५ | २.९२ | ३.५९ |
| विपन्न वर्ग कर्जा (रु.दश लाखमा) | ४४,२३०.२० | २९,३९५.१९ | २८,६३३.४४ | -३३.५४ | -२.५९ |
| पुनरकर्जा (रु.दश लाखमा) | १४९.७ | १२३.४५ | ५८.२१ | -१७.५३ | -५२.८५ |
| सहुलियतपूर्ण कर्जा (रु.दश लाखमा) | १९,०१२.८२ | १०,१२७.९३ | ४,१४८.३३ | -४६.७३ | -५९.०४ |
| ऋणीहरुको संख्या | २,९४,२२६.०० | २,९०,१७२.०० | २,९९,४१३.०० | -१.३८ | ३.१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| बैंक शाखा संख्या (घ वर्गको समेत) | २,१७५.०० | २,१४७.०० | २,०७४.०० | -१.२९ | -३.४ |
| मोबाईल बैकिङ्ग | - | ४५,३०,२८४.०० | ४५,७७,७८८.०० | - | १.०५ |
| इन्टरनेट बैकिङ्ग | - | ३,३३,६८५.०० | ३८१,६९७.०० | - | १४.३९ |
| शाखा रहित बैकिङ्ग सेवा | १९९ | १६२ | १४१ | -१८.५९ | -१२.९६ |
| निष्कृर्य कर्जा (रु.दश लाखमा) | २८,९८४.९६ | ३३,४१३.८३ | ४३,३११.२५ | १५.२८ | २९.६२ |
| निष्कृर्य कर्जा (प्रतिशत) | ५.२८ | ५.९८ | ७.२४ | | |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

### जिल्लागत निक्षेप अवस्था

यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले २०८३ असार मसान्तसम्ममा संकलन गरेको कुल निक्षेप रु. ७ खर्ब ९१ अर्ब ९४ करोड ६ लाख पुगेको छ । समीक्षा अवधिमा रुपन्देही जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाले सबैभन्दा बढी निक्षेप (रु. ३ खर्ब २१ अर्ब ८२ करोड ७१ लाख) संकलन गरेका छन् भने रुकुम (पूर्व) जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा कम निक्षेप (३ अर्ब ४७ करोड ५२ लाख) संकलन गरेका छन् (तालिका ५.४) ।

**तालिका ५.४: जिल्लागत निक्षेप अवस्था**

| जिल्ला | निक्षेप (रु. दश लाखमा) | |
|---|---|---|
| | २०८२ असार मसान्त | २०८३ असार मसान्त |
| रुकुम (पूर्व) | २,५२६.७३ | ३,४७५.२३ |
| रोल्पा | ९,७६४.३९ | १२,३९४.९६ |
| प्यूठान | १५,४७८.२३ | १५,५२३.४६ |
| गुल्मी | ३८,१८१.०१ | ४५,९७८.५० |
| अर्घाखाँची | २४,२७५.७९ | २९,२६९.५३ |
| पाल्पा | ३९,४३७.१८ | ४५,७२९.२३ |
| नवलपरासी(पश्चिम) | ३६,२९९.८७ | ४५,१४३.७१ |
| रुपन्देही | २,७९,३९५.८४ | ३,२१,८२७.१३ |
| कपिलवस्तु | ४४,८५२.५१ | ५४,१३६.३९ |
| दाङ | ७७,९७६.२३ | १,०७,५३७.९८ |
| बाँके | ७१,०५१.२२ | ८५,०८६.५९ |
| बर्दिया | २०,८६४.२२ | २५,८३७.९६ |
| **जम्मा** | ६,६०,१०३.२२ | ७,९१,९४०.६७ |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

### जिल्लागत कर्जा अवस्था

यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले २०८३ असार मसान्त सम्ममा कुल रु. ५ खर्ब ९७ अर्ब ९९ करोड ४० लाख कर्जा प्रवाह गरेका छन् । समीक्षा अवधिमा रुपन्देही जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाले सबैभन्दा बढी कर्जा (रु. ३ खर्ब २७ करोड ३३ लाख) प्रवाह गरेका छन् भने रुकुम (पूर्व) जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा कम कर्जा (१ अर्ब ५५ करोड २८ लाख) प्रवाह गरेका छन् (तालिका ५.५) ।

**तालिका ५.५: जिल्लागत कर्जा अवस्था**

| जिल्ला | कर्जा (रु. दश लाखमा) | |
|---|---|---|
| | २०८२ असार मसान्त | २०८३ असार मसान्त |
| रुकुम(पूर्व) | १,३३७.५७ | १,५५२.८० |
| रोल्पा | ३,५२२.८० | ३,४६५.२४ |
| प्यूठान | ६,३६८.५९ | ६,७१५.९५ |
| गुल्मी | ६,७६९.०१ | ७,२२१.९९ |
| अर्घाखाँची | ३,४९९.०१ | ३,६५२.६९ |
| पाल्पा | ११,३०५.९९ | ११,३३२.१८ |
| नवलपरासी(पश्चिम) | ३६,८७८.१९ | ३७,३२१.५० |
| रुपन्देही | २,९१,३१२.७७ | ३,००,२७३.३७ |
| कपिलवस्तु | ३१,२२५.०५ | ३०,७५६.५९ |
| दाङ | ७२,२९९.०९ | ७७,७५७.०४ |
| बाँके | ९४,८४७.०८ | ९९,७३४.५१ |
| बर्दिया | १७,९१०.९५ | १८,२१०.१९ |
| **जम्मा** | **५,७७,२७६.०९** | **५,९७,९९४.०५** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

## परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/विक्री

समीक्षा वर्षमा लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयले गरेको परिवर्त्य विदेशी मुद्रा खरिद गत वर्षको तुलनामा १२ प्रतिशतले वृद्धि भई रु.४० करोड ६ लाख पुगेको छ भने बिक्रीमा २०.२५ प्रतिशतले ह्रास आई रु.१५ करोड ४ लाख पुगेको छ । त्यसैगरी, समीक्षा वर्षमा भारतीय मुद्रा खरिद गत वर्षको तुलनामा ८८.७१ प्रतिशतले वृद्धि भई रु.३ करोड ९४ लाख पुगेको छ भने बिक्रीमा २६.१७ प्रतिशतले ह्रास आई रु.२८ करोड ५९ लाख पुगेको छ । नेपाली नागरिकहरुले भारत भ्रमण गर्दा नगद भन्दा कार्ड वा अन्य बैंकिङ्ग च्यानल प्रयोग गर्ने दर बढेकाले भारतीय मुद्रा बिक्री कम भएको हुन सक्ने देखिन्छ । साथै, भारतीय नागरिकहरुले नेपालको स्वास्थ्य सेवा उपभोग गर्न आउने दर बढेकोले भारतीय मुद्रा खरिद बढेको देखिन्छ (तालिका ५.६) ।

**तालिका ५.६: परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/विक्री विवरण** (रु. करोडमा)

| विवरण | आ.ब.२०८१/८२ (साउन-असार) | आ.ब.२०८२/८३ (साउन- असार) | समीक्षा बर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|
| US$ | १८.१५ | १९.०२ | ४.७७ |
| Euro | २.६६ | ४.११ | ५४.४ |
| अन्य | १४.९५ | १६.९३ | १३.२३ |
| **जम्मा खरिद** | **३५.७७** | **४०.०६** | **१२** |
| US$ | १४.२७ | ७.९६ | -४४.२२ |
| Euro | १.०२ | २.५४ | १४९.०२ |
| अन्य | ३.५७ | ४.५४ | २७.१७ |
| **जम्मा बिक्री** | **१८.८६** | **१५.०४** | **-२०.२५** |
| भा.रु. खरिद | २.०९ | ३.९४ | ८८.७१ |
| भा.रु बिक्री | ३८.७२ | २८.५९ | -२६.१७ |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगन्ज कार्यालय ।*

## फण्ड ट्रान्सफर

समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा रहेका १२ वटा नोटकोषमा सिद्धार्थनगर कार्यालय र नेपालगञ्ज कार्यालयबाट रु.२० अर्ब ८ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा रु. २४ अर्ब २० करोड फण्ड ट्रान्सफर भएको थियो । समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा भएको फण्ड ट्रान्सफर गत वर्षको सोही अवधिको तुलनामा १७ प्रतिशतले घटेको छ (तालिका ५.७) ।

**तालिका ५.७: फण्ड ट्रान्सफर**

| जिल्ला | रकम (रु. करोडमा) | | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| | आ.ब.२०८१/८२ (साउन- असार) | आ.ब.२०८२/८३ (साउन- असार) | |
| रुकुम(पूर्व) | ९४.०५ | ७४.२१ | -२१.१ |
| रोल्पा | २१४ | २२५.३६ | ५.३ |
| प्यूठान | २५७ | २३५.१ | -८.५ |
| गुल्मी | २८८.८२ | २७९.८८ | -३.१ |
| अर्घाखाँची | १६५ | १०४.२१ | -३६.८ |
| पाल्पा | ३६१ | २८६.५३ | -२०.६ |
| नवलपरासी (ब.सु.प) | ६५ | १०.१५ | -८४.४ |
| रुपन्देही | | | ०.० |
| कपिलवस्तु | ३०० | २३६.६६ | -२१.१ |
| दाङ | १९० | ११० | -४२.१ |
| बाँके | | | ०.० |
| बर्दिया | १४० | १७५ | २५.० |
| नवलपरासी (ब.सु.पू) | ३४६.१ | २७१.३ | -२१.६ |
| जम्मा | २,४२०.९७ | २,००८.४० | -१७.० |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगन्ज कार्यालय ।*

### मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

लुम्बिनी प्रदेशमा २०८३ असार मसान्तसम्ममा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट इजाजतपत्र प्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको संख्या ७५ पुगेको छ । जसमध्ये, मनिचेञ्जर ५३, होटेल/रिसोर्ट ११ र ट्राभल एजेन्सी ५, ट्रेकिङ १ र अन्य ५ वटा रहेका छन् (तालिका ५.८) ।

**तालिका ५.८: इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण**

| जिल्ला | मनिचेञ्जर | होटेल/रिसोर्ट | ट्राभल एजेन्सी | ट्रेकिङ | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| रुकुम(पूर्व) | | | | | | ० |
| रोल्पा | | | | | | ० |
| प्यूठान | | | | | | ० |
| गुल्मी | | | | | | ० |
| अर्घाखाँची | | | | | | ० |
| पाल्पा | | १ | | | | १ |
| नवलपरासी(पश्चिम) | १ | | १ | | | २ |
| रुपन्देही | ३४ | ७ | ४ | | ४ | ४९ |
| कपिलवस्तु | ९ | | | | | ९ |
| दाङ | | | | | | ० |
| बाँके | ९ | ३ | ० | १ | १ | १४ |
| बर्दिया | | | | | | ० |
| जम्मा | ५३ | ११ | ५ | १ | ५ | ७५ |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगन्ज कार्यालय ।*

## ५.४ यातायात र सञ्चार

### यातायात

२०८३ असार मसान्तसम्ममा लुम्बिनी प्रदेशमा दर्ता भएका कुल सवारी साधनहरुको संख्या २०८२ असार मसान्तको तुलनामा ६.१ प्रतिशतले वृद्धि भई १४ लाख ६४ हजार ६१ पुगेको छ। जसमध्ये मोटरसाईकलको संख्या ६.२२ प्रतिशत र अन्य सवारी साधनको संख्या ५.३७ प्रतिशतले वृद्धि भएको छ । सडक सञ्जाल विस्तार, उपभोग्य खरिद तर्फ उपभोक्ताको आकर्षण र सवारी साधन खरिदमा बैंक तथा वित्तीय संस्थाबाट सहज कर्जाको उपलब्धता जस्ता कारणले गर्दा यातायातका साधनको दर्ता संख्यामा वृद्धि भएको देखिन्छ (तालिका ५.९)।

**तालिका ५.९: दर्ता भएका सवारी संख्या (समीक्षा अवधिको प्रतिशत परिवर्तन)**

| विवरण | लुम्बिनी प्रदेशको जम्मा | | |
|---|---|---|---|
| | २०८२ असारमसान्त | २०८३ असारमसान्त | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
| यातायातका साधनको कुल संख्या | १३,७९,९०७.०० | १४,६४,०६१.०० | ६.१० |
| मोटरसाईकल | ११,८७,५०९.०० | १२,६१,३३४.०० | ६.२२ |
| अन्य ....... | १,९२,३९८.०० | २,०२,७२७.०० | ५.३७ |

*स्रोत : बुटवल, नेपालगन्ज र दाङ यातायात व्यवस्था कार्यालय, ।*

**बक्स ४: बुटवल अटो भिलेज**

बुटवल उपमहानगरपालिका-२, रुपन्देहीस्थित अटो भिलेज अटोमोबाइल तथा अटो मेकानिक्स व्यवसायका लागि व्यवस्थित रुपमा विकास गरिएको क्षेत्र हो । यहाँ विभिन्न प्रकृतिका सवारीसाधन मर्मत, सर्भिसिङ, स्पेयर पार्ट्स, अटो इलेक्ट्रिकल, टायर, बडी निर्माण, सिट, इन्जिन मर्मत, फ्युल पम्प निर्माण, वर्कसप तथा अन्य अटोमोबाइल सम्वनधी व्यवसाय सञ्चालनमा रहेका छन् ।

अटो भिलेजमा कुल ८ सय व्यवसाय रहेका छन् भने करिब १ हजार जना प्रत्यक्ष संलग्न व्यवसायीहरु रहेका छन् । साथै, करिब ८ हजार मेकानिक्स तथा श्रमिक कार्यरत रहेका छन् भने करिब ६ अर्ब लगानी रहेको छ ।



*स्रोत: बुटवल अटो इन्जिनियरिङ एशोसियसन, रुपन्देही*

दक्ष जनशक्तिको न्यून उपलब्धता, पूर्वाधारको अभाव, फोहोर व्यवस्थापन, व्यवसाय विस्तारको लागि स्थानको अभाव लगायतका चुनौतीका बावजुत यस अटो भिलेजले अटोमोबाइल क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

## सञ्चार

२०८३ असार मसान्तमा लुम्बिनी प्रदेशमा नेपाल टेलिकमद्धारा वितरित टेलिफोन संख्या गत वर्षको तुलनामा १४.९६ प्रतिशतले वृद्धि भई ४४ लाख ५ हजार ४ सय ३१ पुगेको छ । त्यसैगरी, इन्टरनेट सेवा ग्राहक संख्या समीक्षा वर्षमा गत वर्षको तुलनामा ६.४४ प्रतिशतले वृद्धि भई ८५ हजार ७८ पुगेको छ (तालिका ५.१०)।

**तालिका: ५.१० सञ्चार सेवाको अवस्था**

| विवरण | २०८२ असारमसान्त | २०८३ असारमसान्त | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|
| टेलिफोन सेवा | ३८,३२,२०६.०० | ४४,०५,४३१.०० | १४.९६ |
| स्थाई (Fixed) | ५३,४९१.०० | ५०,९४१.०० | - ४.७७ |
| मोबाईल | ३७,७८,७१५.०० | ४३,५४,४९०.०० | १५.२४ |
| अन्य | ०.०० | ०.०० | |
| ईन्टरनेट सेवा | ७९,९३१.०० | ८५,०७८.०० | ६.४४ |
| Fixed Broadband (Wired) | ७५,६४५.०० | ७९,३७०.०० | ४.९२ |
| Fixed Broadband (Wireless) | २१.०० | ३४.०० | ६१.९० |
| Mobile Broadband | ४,२६५.०० | ५,६७४.०० | ३३.०४ |

*स्रोत : नेपाल टेलिकम लुम्बिनी प्रदेश प्रादेशिक निर्देशनालय*

## ५.५ शिक्षा तथा स्वास्थ्य

### शिक्षा

समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्यामा गत वर्षको तुलनामा ७.७ प्रतिशतले कमी आएको छ भने निजी विद्यालय तर्फ अध्ययनरत विद्यार्थीको संख्या १०.४० प्रतिशतले वृद्धि भएको छ । त्यस्तैगरी, प्राविधिक शिक्षालय र विश्वविद्यालयमा आबद्ध क्याम्पसमा अध्ययनरत विद्यार्थीको संख्यामा क्रमशः १५.४७ प्रतिशत र ६३.४४ प्रतिशतले कमी आएको छ । सामुदायिक विद्यालय, निजी विद्यालय, प्राविधिक शिक्षालय र विश्वविद्यालयमा आबद्ध क्याम्पसको संख्या पनि समीक्षा अवधिमा क्रमशः ६.०९ प्रतिशत, ४.११ प्रतिशत, ५.४५ प्रतिशत र १० प्रतिशतले घटेको छ भने शिक्षक संख्या सामुदायिक विद्यालयमा ०.७५ प्रतिशतले वृद्धि र अन्य विद्यालयमा क्रमशः १७.८१ प्रतिशत, ३.९१ प्रतिशत र ५५.८० प्रतिशतले कमि आएको छ (तालिका ५.११) ।

अंग्रेजी शिक्षाप्रतिको अभिभावकको मोह, सरकारी विद्यालयमा आधुनिक, प्रविधिमैत्री र व्यवहारिक शिक्षाको कमी, न्यून विद्यार्थी संख्याको कारण हुने विद्यालय समायोजन, न्यून जनसंख्या वृद्धि र उच्च शिक्षा हासिलका लागि विदेशी विद्यालय प्रतिको मोहका कारण सामुदायिक विद्यालय, प्राविधिक विद्यालय, विश्वविद्यालयमा आबद्ध विद्यालय संख्या र विद्यार्थी संख्यामा कमी आएको देखिन्छ भने निजी विद्यालय तर्फ अध्ययनरत विद्यार्थीको संख्यामा वृद्धि आएको देखिन्छ ।

**तालिका ५.११: शिक्षा सेवा**

| विवरण | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८३ असार मसान्त | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा बर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| १. सरकारी/सामुदायिक विद्यालय | | | | | |
| विद्यालय संख्या | ४,६१७ | ४,५७८ | ४,२९९ | -०.८४ | -६.०९ |
| विद्यार्थी संख्या | १०,३०,८८८ | ९,०४,७८० | ८,३५,१५६ | -१२.२३ | -७.७ |
| शिक्षक संख्या | २८,४२० | २८,३७७ | २८,५९१ | -०.१५ | ०.७५ |
| २. संस्थागत/निजी विद्यालय | ० | ० | ० | | |
| विद्यालय संख्या | १,३६७ | १३८७ | १,३३० | १.४६ | -४.११ |
| विद्यार्थी संख्या | ४,३६,३२८ | ५,००,७२४ | ५,५२,८१८ | १४.७६ | १०.४ |
| शिक्षक संख्या | १७,५५१ | १७,६९७ | १४,५४५ | ०.८३ | -१७.८१ |
| ३. प्राविधिक शिक्षालय | | | | | |
| शिक्षालय संख्या | २५० | २५७ | २४३ | २.८ | -५.४५ |
| विद्यार्थी संख्या | १५,९७२ | १५,८८० | १३,४२३ | -०.५८ | -१५.४७ |
| शिक्षक संख्या | २,०६६ | २,१२४ | २,०४१ | २.८१ | -३.९१ |
| ४. विश्वविद्यालयमा आबद्ध भएका क्याम्पस | | | | | |
| क्याम्पस संख्या | १५२ | १८० | १६२ | १८.४२ | -१० |
| विद्यार्थी संख्या | ८३,८४९ | ९३,५६४ | ३४,२०५ | ११.५९ | -६३.४४ |
| शिक्षक संख्या | ३,०१५ | ३,५१८ | १,५५५ | १६.६८ | -५५.८ |

*स्रोत : लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई*

## स्वास्थ्य

लुम्बिनी प्रदेशमा २०८३ असार सम्ममा सामुदायिक अस्पतालको संख्या गत वर्षको तुलनामा १५.२२ प्रतिशतले वृद्धि भई ५३ पुगेको छ। त्यसैगरी, चिकित्सक संख्या गत वर्षको तुलनामा १५.६१ प्रतिशतले वृद्धि भई ५ सय ६३ पुगेको छ भने शैया संख्या १५.४३ प्रतिशतले वृद्धि भई २ हजार ३ सय ५७ पुगेको छ। निजी अस्पतालतर्फ अस्पतालको संख्या ३९.७३ प्रतिशतले वृद्धि भई समीक्षा अवधिभित्र १ सय २ पुगेको छ भने चिकित्सक संख्या २३.१७ प्रतिशतले वृद्धि भई १ हजार ७ सय ३३ पुगेको छ र शैया संख्या ३६.९३ प्रतिशतले वृद्धि भई ५ हजार २ पुगेको छ।

विभिन्न जिल्लामा आधारभूत अस्पतालको संख्या थप हुदै जानु, सरकारको स्वास्थ्य बीमा कार्यक्रममा जनता जोडिदै जानु र निजी क्षेत्रको लगानी निजी अस्पताल, क्लिनिक तथा स्वास्थ्य प्रयोगशालामा बढ्दै जानुले सामुदायिक तथा निजी अस्पतालको संख्या, चिकित्सक संख्या र शैया संख्यामा वृद्धि आएको देखिन्छ (तालिका ५.१२)।

**तालिका ५.१२ : स्वास्थ्य सेवा**

| विवरण | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८३ असार मसान्त | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा बर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| १. सरकारी/सामुदायिक अस्पताल | | | | | |
| अस्पताल संख्या | ४० | ४६ | ५३ | १५.०० | १५.२२ |
| चिकित्सक संख्या | ४७७ | ४८७ | ५६३ | २.१० | १५.६१ |
| शैया संख्या | १,९१७ | २,०४२ | २,३५७ | ६.५२ | १५.४३ |
| २. निजी अस्पताल | | | | | |
| अस्पताल संख्या | ७० | ७३ | १०२ | ४.२९ | ३९.७३ |
| चिकित्सक संख्या | १,३२९ | १,४०७ | १७३३ | ५.८७ | २३.१७ |
| शैया संख्या | ३,५८३ | ३,६५३ | ५००२ | १.९५ | ३६.९३ |

*स्रोत : लुम्बिनी प्रदेश अन्तर्गतका जिल्ला स्वास्थ्य कार्यालयहरु।*

## ५.६ सेवा क्षेत्र कर्जा

२०८३ असार मसान्तसम्ममा लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामा २०८२ असार मसान्तको तुलनामा ०.१८ प्रतिशतले ह्रास आई रु. २ खर्ब २३ अर्ब ५५ करोड २२ लाख कायम भएको छ। यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा सेवा क्षेत्र कर्जाको हिस्सा ३७.३८ प्रतिशत रहेको छ। जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल सेवा क्षेत्र कर्जामा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५४.०४ प्रतिशत र सबैभन्दा कम रुकुम (पूर्व) जिल्लाको ०.१२ प्रतिशत रहेको छ (तालिका ५.१३)।

**तालिका ५.१३: कुल सेवा कर्जाको जिल्लागत अवस्था**

| जिल्ला | रकम (रु.दश लाख ) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| रुकुम (पूर्व) | २७०.२० | ०.१२ |
| रोल्पा | १,१०३.३५ | ०.४९ |
| प्यूठान | २,००७.२२ | ०.९० |
| गुल्मी | २,५१८.१७ | १.१३ |
| अर्घाखाँची | १,२८३.८६ | ०.५७ |
| पाल्पा | ३,६१९.९० | १.६२ |
| नवलपरासी प. | १३,५४८.०४ | ६.०६ |
| रुपन्देही | १,२०,७९८.११ | ५४.०४ |
| कपिलबस्तु | ९४६४.०२ | ४.२३ |
| दाङ | २४,१७२.२३ | १०.८१ |
| बाँके | ३८,३८३.५१ | १७.१७ |
| बर्दिया | ६,३८३.५९ | २.८६ |
| **जम्मा** | **२३,५५२.२०** | **१००** |

*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*

## ५.७ सहकारी

समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर र नेपालगन्ज कार्यालयमा नमूना छनौटमा परेका १३ सहकारी संस्थाहरुको कुल पुँजी गत वर्षको तुलनामा ५.५८ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ७४ करोड ९४ लाख पुगेको छ । समीक्षा अवधिमा छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट संकलित निक्षेप गत वर्षको तुलनामा ७.९३ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब ५४ करोड ६३ लाख पुगेको छ भने कुल कर्जा ४.१३ प्रतिशतले वृद्धि भई १३ अर्ब ८८ करोड ९९ लाख पुगेको छ । सदस्य संख्या पनि गत वर्षको तुलनामा ५.४ प्रतिशतले वृद्धि भई १ लाख ३५ हजार ५ सय ८६ पुगेको छ (तालिका ५.१४) । स्थानीय स्तरमा सहकारी साख राम्रो भएको, बैंक तथा वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने ब्याजदर भन्दा सहकारी संस्थाले प्रदान गर्ने ब्याजदर बढी भएको कारणले सहकारी संस्थाको बचत तथा सदस्य संख्यामा वृद्धि भएको देखिन्छ भने सहकारी संस्थाहरुले प्रदान गरिरहेको सहकारी शिक्षा शिविरका कारण सहकारी संस्थाको कुल ऋण तथा सदस्य संख्यामा वृद्धि भएको देखिन्छ ।

**तालिका: ५.१४ सहकारी सेवा**

| | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८३ असार मसान्त | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा बर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पूँजी (रु.दश लाखमा) | २,५६७.७९ | २,६०४.२२ | २,७४९.४९ | १.४२ | ५.५८ |
| कुल बचत (रु.दश लाखमा) | १२,४६७.२२ | १३,४७७.२७ | १४,५४६.३२ | ८.१ | ७.९३ |
| कुल ऋण (रु.दश लाखमा) | १३,०८८.५३ | १३,३३८.८ | १३,८८९.९९ | १.९१ | ४.१३ |
| सदस्य संख्या | १,२२,४२२ | १,२८,६४४ | १,३५,५८६ | ५.०८ | ५.४ |
| कर्मचारी संख्या | ३५० | ३६२ | ३६२ | ३.४३ | |

*स्रोत : नमूना छनोटमा परेका बचत तथा सहकारी संस्थाहरु ।*

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.८.१ सेवा क्षेत्रको चुनौती

१. यस प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार, सूचना तथा गुणस्तरीय सेवा मार्फत पर्यटकको बसाई अवधि लम्ब्याउने कार्य चुनौतीपूर्ण छ ।

२. सहकारी संस्थाहरुको प्रभावकारी निरीक्षण तथा अनुगमन गरी सहकारीमा देखिएको समस्यालाई समयमै समाधान गरी सहकारी क्षेत्र प्रति जनताको थप विश्वसनीयता कायम गराउने कार्य चुनौतीपूर्ण छ ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीको संख्या कम हुदै गएको अवस्थामा ती विद्यालयहरुको शिक्षामा गुणस्तर कायम गर्ने र प्राविधिक शिक्षातर्फ समेत विद्यार्थीको आकर्षण कायम गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

४. बैंक तथा वित्तीय संस्थाहरुको कर्जा उत्पादनशील क्षेत्रमा लगानी बढाउने र क्रमशः बढिरहेको निष्क्रिय कर्जाको व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ५.८.२ सेवा क्षेत्रको सम्भावना

१. भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सकेमा रुपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा लगायत आसपासका स्थानहरुमा रहेका होटल व्यवसाय तथा अन्य सेवा क्षेत्रको विस्तार हुने सम्भावना रहेको छ ।

२. यस प्रदेश अन्तर्गत रहेका धार्मिक/सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको प्रचारप्रसार, नयाँ ट्रेकिङ्ग रुटको पहिचान गरी व्यवस्थित रुपमा सञ्चालन गर्न सकेमा आन्तरिक, भारत लगायत तेस्रो मुलुकका पर्यटकहरुको समेत आगमनमा वृद्धि भई उल्लेख्य रोजगारी सिर्जना हुन सक्ने सम्भावना रहेको छ ।

३. यस प्रदेशमा निर्माणाधीन तथा सञ्चालनमा रहेका क्रिकेट रङ्गशाला (सिद्धार्थनगर रंगशाला, एक्सट्राट्रेक ओभल इन्टरनेशनल क्रिकेट रंगशाला, लमही रंगशाला) तथा सम्मेलन केन्द्र (बुटवल अन्तराष्ट्रिय सम्मेलन केन्द्र)मा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेल तथा सम्मेलनहरु आयोजना गर्न सकिने सम्भावना रहेको छ ।

४. प्राविधिक शिक्षालय, अस्पतालहरुमा लगानी बढाई सेवा तथा सुविधा थप गर्न सकेमा नेपाली लगायत भारतीय विद्यार्थी तथा बिरामीलाई समेत आकर्षण गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

यस परिच्छेदमा लुम्बिनी प्रदेश अन्तर्गतका निर्माण सम्पन्न तथा निर्माणाधीन भौतिक पूर्वाधार अन्तर्गत सडक सञ्जाल तथा पुल, हवाई यातायात तथा उर्जा क्षेत्रको अवस्थालाई समावेश गरिएको छ। साथै, लुम्बिनी प्रदेशमा रोजगारीको अवस्था लगायत रोजगारीका चुनौती तथा सम्भावनाहरु समावेश गरिएको छ।

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ सडक सञ्जाल तथा पुल

लुम्बिनी प्रदेश सरकारमार्फत आर्थिक वर्ष २०८१/८२ मा २८९ कि.मी. कच्ची, २१७.३९ कि.मी. ग्राभेल र २२०.४१ कि.मी. कालोपत्रे गरी जम्मा ७२६.८० कि.मी. सडक निर्माण भएकोमा आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म ११५ कि.मी. कच्ची, ४८.४४ कि.मी. ग्राभेल र ५५.४२ कि.मी. कालोपत्रे गरी जम्मा २१८.८६ कि.मी. सडक निर्माण हुनुका साथै उक्त अवधिभित्र २४ वटा मोटरेवल र ५ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन्। लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा सहरी विकास तथा खानेपानी मन्त्रालयमार्फत हालसम्म प्रदेशको सडक पूर्वाधार तथा पुल निर्माण अन्तर्गत भएका उपलब्धिहरु तालिका ६.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ६.१: सडक पूर्वाधार तथा पुल**

| विवरण | एकाई | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ (चैत्र मसान्तसम्म) |
|---|---|---|---|---|---|
| कच्ची सडक | कि.मी | २७६ | २४९ | २८९ | ११५ |
| ग्राभेल सडक | कि.मी | ३४८.१३ | २३३.७१ | २१७.३९ | ४८.४४ |
| कालोपत्रे सडक | कि.मी | २५५.१८ | १७८.२३ | २२०.४१ | ५५.४२ |
| मोटरेवल पुल | वटा | २९ | ३९ | ४० | २४ |
| झोलुङ्गे पुल | वटा | १० | १७ | १५ | ५ |

*स्रोत : लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०८२/८३*

### ६.१.२ हवाई यातायात

लुम्बिनी प्रदेशको भैरहवामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा बाँके, दाङ र गुल्मीमा अवस्थित एक/एक वटा आन्तरिक विमानस्थल गरी जम्मा ४ वटा विमानस्थलबाट हवाई यातायात सेवा सञ्चालनमा रहेका छन्। भैरहवामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सन् २०२५ मा २ सय ४७ अन्तर्राष्ट्रिय उडान र ११ हजार ९ सय ३१ आन्तरिक उडान भएका छन्। यसैगरी, २०२५ मा नेपालगञ्ज, तुलसीपुर र रेसुङ्गा विमानस्थलबाट क्रमशः १३४२४, २०५ र ८२ उडान भएका छन्। यस प्रदेशमा रहेका सम्पूर्ण विमानस्थलहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा त्यसबाट अन्य आर्थिक क्रियाकलापहरुमा बढोत्तरी हुने सम्भावना रहेको छ।

**तालिका ६.२: लुम्बिनी प्रदेशमा भएका उडान संख्या**

| विमानस्थल | सन् २०२२ | सन् २०२३ | सन् २०२४ | सन् २०२५ |
|---|---|---|---|---|
| गौतमबुद्ध (अन्तर्राष्ट्रिय) | | ६९ | २९७ | २४७ |
| गौतमबुद्ध (आन्तरिक) | १२,६४० | ९,६२० | १०,५२० | ११,९३१ |
| नेपालगञ्ज, बाँके | १६,३३० | १२,८३१ | १२,५५० | १३,४२४ |
| तुल्सीपुर, दाङ | ३१० | २१४ | १४२ | २०५ |
| रेसुङ्गा, गुल्मी | | २४ | | ८२ |

*स्रोत : लुम्बिनी प्रदेशको आर्थिक सवेक्षण २०८२/८३*

### ६.१.३ उर्जा क्षेत्र

वैकल्पिक उर्जासहित २०८२ फागुनसम्म मुलुकभरका ९९.१ प्रतिशत जनसङ्ख्यामा राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच पुगेकोमा लुम्बिनी प्रदेशका ९८.६ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ । साथै, उक्त अवधिसम्म यस प्रदेशभित्र रहेका आयोजनाहरुबाट करिब १०३ मेगावाट विद्युत उत्पादन भएको छ । आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेश सरकारमार्फत विद्युतीकरणमा ट्रान्सफर्मर, PSC पोल र STP पोल खरिद जडान क्रमशः ४, १२५ र २८८ वटा भएकोमा LT लाइन र HT लाइन विद्युतीकरण सम्वनधी कार्य क्रमशः १५ कि.मी. र ८ कि.मी. भएको थियो । आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेश सरकारमार्फत १०२ किलोवाटको सौर्य उर्जा प्रविधि जडान भएको थियो । *(स्रोत : लुम्बिनी प्रदेशको आर्थिक सवेक्षण २०८२/८३)*

### ६.१.४ सिँचाई तथा नदी नियन्त्रण

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्ममा लुम्बिनी प्रदेशमा कुल ४३ सिँचाइ बाँध/मुहान, १६८ कि.मि. पक्की नहर, ९ लिफ्ट सिँचाइ, १२ डिप ट्युबटेल, १३ पम्प हाउस, ३८ कि.मि. पाइप लाइनिङ्ग र १५ कि.मि. नदी नियन्त्रण तथा तटबन्ध निर्माण कार्य सम्पन्न भएका छन् ।

*स्रोत : लुम्बिनी प्रदेशको आर्थिक सवेक्षण २०८२/८३*

### ६.१.५ लुम्बिनी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना लगायत अन्य महत्वपूर्ण आयोजनाहरु

लुम्बिनी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरव र अन्य महत्वपूर्ण आयोजनाहरुको विवरण तालिका ६.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३: लुम्बिनी प्रदेशमा सञ्चालित पूर्वाधार आयोजनाहरु**

| आयोजनाको नाम | क्षमता | एकाइ | शुरु मिति | सम्पन्न हुने मिति | कुल लागत (रु.) | हालसम्मको भौतिक प्रगति (प्रतिशत) | हालसम्मको वित्तीय प्रगति (प्रतिशत) | रोजगारी (जना) |
|---|---|---|---|---|---|---|---|---|
| सिक्टा सिँचाइ आयोजना | ४२,७६६ | हेक्टर | २०६१।६२ | २०८९/९० संसोधित गुरुयोजना अनुसार | ५२ अर्ब ८९ करोड (संसोधित गुरुयोजना बमोजिम) | ५१ | ४६ | २२५० |
| बबई सिँचाइ आयोजना | ३६,००० | हेक्टर | २०४५।४६ | २०८५।८६ | २६ अर्ब ६९ करोड ३३ लाख १८ हजार | ८१.९७ | ६८.२३ | ५२० |
| कालिगण्डकी करिडोर (गैडाकोट-राम्दी-मालढुंङ्गा सडक योजना) | २९३ | कि.मि. | २०६७।६८ | २०८३।८४ | २० अर्ब | ७४.३८ | ७२.६९ | २,००,००० (कार्यदिन) |
| नारायणघाट बुटवल सडक योजना ( पश्चिम खण्ड) | ४८.५४ | कि.मि. | २०७५।७६ | २०८३।८४ | ८ अर्ब ४६ करोड | ९१.९२ | ८७.१८ | ७७९ |
| सिद्धबाबा सुरुङमार्ग योजना | २.४ | कि.मि. | २०७८।७९ | २०८४।८५ | ७ अर्ब ३४ करोड | ६९.१० | ६३.५५ | २३३ |
| बुटवल-गोरुसिंगे चन्द्रौटा सडक योजना | ६९ | कि.मि. | २०७९।८० | २०८६।८७ | १३.५५ अर्ब | २७ | २३.८७ | २०१५ |

*(स्रोत: सम्बन्धित आयोजनाहरु)*

#### (क) नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)

नवलपरासी (ब.सु.प.) जिल्लाको दाउन्नेदेखि रुपन्देही जिल्लाको बुटवलसम्म पर्ने नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड) को कुल लम्बाई ४८.५३५ किलोमिटर रहेको छ। यस सडक खण्डमा पर्ने बजार/बस्ती क्षेत्र (११.४४५ कि.मि.) मा ६ लेन, जंगल/ग्रामीण क्षेत्र (२७.१९ कि.मि.) मा ४ लेन र दाउन्ने क्षेत्र (९.९ कि.मि.) मा ३ लेनमा विस्तार गर्नुका साथै ९ वटा ठूला पुलहरु, ३८ वटा (दायाँ-बायाँ सहित) साना पुलहरु र २५६ वटा कल्भर्टहरुको निर्माण गर्ने योजना रहेको छ। २०७५ माघ २४ मा शुरु भएको उक्त आयोजना चौथों पटक म्याद थप गरी २०८३ श्रावण ५ गतेसम्म सम्पन्न गर्ने लक्ष्य भएबमोजिम २०८३ श्रावण १७ मा परामर्शदाताबाट Taking Over Certificate जारी भएको जसमा १ वर्ष DLP तथा ४ वर्ष PBM अवधि रहेको छ। शुरु लागत रु.७ अर्ब ८६ करोड ३४ लाख (भ्याट सहित) रहेको यस योजनाको संशोधित लागत रु.८ अर्ब ४६ करोड ४६ लाख (भ्याट सहित) रहेको छ। २०८३ श्रावण ५ गतेसम्म आयोजनाको भौतिक प्रगति ९१.९२ प्रतिशत र वित्तीय प्रगति ८७.१८ प्रतिशत रहेको छ। यस योजनाले कुल ७५७ जना स्वदेशी (११ महिला र ७४६ पुरुष) तथा

२२ जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ । यस योजनाको सम्पन्न भए पश्चात बुटवलदेखि दुम्कीबास (करिव ५० कि.मि.) सम्मको यात्रा १ घण्टामा सहजपूर्ण तरिकाले पूरा हुने देखिन्छ ।

*स्रोत : नारायणघाट बुटवल सडक योजना*

### (ख) बुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडक योजना

महेन्द्र राजमार्ग अन्तर्गतको रुपन्देही जिल्लाको बुटवलदेखि कपिलवस्तु जिल्लाको चन्द्रौटासम्म पर्ने बुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडक योजनाको कुल लम्बाई ६९ किलोमिटर रहेको छ । यस सडक खण्डलाई ४ लेन र ६ लेनमा स्तरोन्नति गर्ने उद्देश्य बमोजिम हाल बुटवल-गोरुसिङ्गे सडक खण्ड (५० कि.मी.) मा कार्य भइरहेको छ । आर्थिक वर्ष २०७९/८० मा शुरु भएको यस आयोजनाको आर्थिक वर्ष २०८६/८७ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस योजनाको शुरु लागत रु.१३.५५ अर्ब रहेकोमा २०८३ असार मसान्तसम्म आयोजनाको भौतिक प्रगति २७ प्रतिशत र वित्तीय प्रगति २३.८७ प्रतिशत रहेको छ । यस योजनाले कुल १६०० जना स्वदेशी (२०० महिला र १४०० पुरुष) तथा ४१५ जना विदेशी नागरिकहरुलाई रोजगारी प्रदान गरेको छ । यो योजना कार्यान्वयन भए पश्चात् स्थानीय स्तरमा व्यापक रोजगारी सिर्जना भएको हुँदा दूरगामी रुपमा यातायात आवागमनमा सहजता र त्यस क्षेत्रको व्यापार वृद्धि आदिमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

### (ग) सिद्धबाबा सुरुङ मार्ग योजना

लुम्बिनी प्रदेश, पाल्पा जिल्ला अन्तर्गतको तिनाउ गाउँपालिकामा अवस्थित सिद्धबाबा सुरुङ मार्ग योजनाको निर्माण कार्यको लागि ठेक्का सम्झौता रकम भ्याट र पिएस सहित रु.७ अर्ब ३४ करोड २१ लाख रहेको छ । यस योजना अन्तर्गत ११२६ मि. लामो सुरुङ मार्गको निर्माण तथा २३९८ मि. लामो सडक फराकिलो गरी सुधार गरिने ठेक्का सम्झौता भएको छ । मिति २०७८/११/२५ गते ठेक्का सम्झौता सम्पन्न भएको यस योजनालाई दुई फेजमा विभाजन गरिएको छ । पहिलो फेज Engineering, Procurement and Construction सम्वनधी कार्य जम्मा १८२५ क्यालेन्डर दिन र Warrenty, Operation and Maintenance कार्य जम्मा १८२५ क्यालेन्डर दिनमा सम्पन्न गरेपश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्ने तथा हस्तान्तरण पश्चात् Latent Defects Liability Period १० वर्ष हुने ठेक्कामा उल्लेख गरेको छ । २०८३ असार मसान्तसम्ममा यस योजनाको भौतिक प्रगति ६९.१० प्रतिशत र वित्तीय प्रगति ६३.५५ प्रतिशत रहेको छ । यस योजनाले २११ जना स्वदेशी (४ महिला र २०७ पुरुष) तथा २२ जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ ।

*स्रोत : सिद्धबाबा सुरुङमार्ग योजना*

### (घ) कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना

राष्ट्रिय गौरवको आयोजना मध्येको कालिगण्डकी कोरिडोर नेपालको उत्तर-दक्षिण जोड्ने महत्वपूर्ण सडकको रुपमा रहेको छ । कालिगण्डकी कोरिडोर नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) जिल्लाको गैंडाकोटदेखि मुस्ताङ्ग जिल्लाको कोरला नाकासम्म कालिगण्डकी नदीको किनारबाट निर्माण भइरहेको River Allignment हो । यसको लम्बाई करिव ४४२ कि.मि. रहेको छ । नेपाल सरकारबाट यसको निर्माण व्यवस्थापनका लागि दुईवटा कार्यालय जस अन्तर्गत गैंडाकोट-राम्दी-मालढुङ्गा सडक खण्ड, पाल्पा र मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक खण्ड,

जोमसोम स्थापना गरी निर्माण कार्य भइरहेको छ । कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना आ.व. २०६७/६८ मा शुरु भई आ.व. २०७९/८० सम्पन्न गर्ने लक्ष्य लिईएकोमा योजना विभिन्न कारणले सम्पन्न हुन नसकेको कारण योजनाको सम्पन्न गर्ने संशोधित वर्ष आ.व. २०८३/८४ सम्म रहेको छ। यस योजनाको लक्ष्य २९३ कि.मि. कालोपत्रे सडक तथा ५९ वटा पुल निर्माण गर्ने रहेको छ। योजनाको कुल अनुमानित लागत रु.२० अर्ब रहेको छ । २०८३ असार मसान्तसम्म योजनाको समग्र भौतिक प्रगति ७३.१५ प्रतिशत र वित्तीय प्रगति ७२.१५ प्रतिशत रहेको छ। यस योजनाबाट कुल २००००० श्रमदिन रोजगारी सिर्जना गर्ने अनुमान भएकोमा आ.व. २०८२/८३ मा ५५३५० श्रमदिन (२८२२९ महिला र २७१२२ पुरुष) रोजगारी प्रदान गरेको छ।

*स्रोत : कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना*

### (ङ) बबई सिँचाइ आयोजना

लुम्बिनी प्रदेशको बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर कृषि योग्य क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन बबई सिँचाइ आयोजनाको मुख्य स्थान बारबर्दिया-१०, बर्दियामा रहेको छ। यस आयोजनाले लुम्बिनी प्रदेशको बर्दिया जिल्लाका बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, गुलरिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, मधुवन नगरपालिका र बढैयाताल गाउँपालिकामा प्रभाव पारेको छ । आर्थिक वर्ष २०४५/४६ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको लागत रु. २६ अर्ब ६९ करोड ३३ लाख रहेको छ । हालसम्म भौतिक प्रगति ८१.९७ प्रतिशत र वित्तीय प्रगति ६८.२३ प्रतिशत रहेको यस आयोजनामा कुल ५२० जना स्वदेशी (१५० महिला र ३७० पुरुष) नागरिकले रोजगारी प्राप्त गरेका छन् । साथै, थप निर्माण कार्य सुचारु हुँदा रोजगारीमा वृद्धि हुने सम्भावना रहेको छ।

*स्रोत : बबई सिँचाइ आयोजना*

### (च) सिक्टा सिँचाइ आयोजना

यो सिँचाइ आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित छ । बाँकेको अगैयामा राप्ती नदीमा ब्यारेज निर्माण गरी उक्त जिल्लाका हालका राप्तीपश्चिम रहेका ६ वटा गाउँपालिका, कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिका र राप्ती पूर्वतर्फ रहेको राजकुलो सिँचाइ योजनासमेतबाट गरी यस आयोजनाबाट ४२,७६६ हेक्टर कुल भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०६१/६२ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८९/९० मा सम्पन्न हुने लक्ष्य रहेको छ। यस आयोजनाको लागत रु. ५२ अर्ब ८९ करोड रहेको छ । हालसम्म भौतिक प्रगति ५१ प्रतिशत र वित्तीय प्रगति ४६ प्रतिशत रहेको यस आयोजनामा कुल २२५० जना स्वदेशी (७५० महिला र १५०० पुरुष) नागरिकले रोजगारी प्राप्त गरेका छन् ।

*स्रोत : सिक्टा सिँचाइ आयोजना*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ पूर्वाधार क्षेत्रको चुनौती

१. विश्व भूराजनीतिमा देखिएको तनावका कारण यान्त्रिक इन्धन लगायत निर्माण सामाग्रीको बजार मुल्यमा अत्यधिक वृद्धि तथा सहज आपूर्तिको अभाव, दक्ष जनशक्तिको अभाव तथा निर्माण कार्यमा संलग्न सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वयको अभावका कारण आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्नु चुनौतीपूर्ण छ ।

२. आयोजनाको पूर्वतयारी (जग्गाको अधिग्रहण, मुआब्जा वितरण, लागत निर्धारण कार्य) नहुनु, वातावरणसँग सम्बन्धित कानुनी अड्चन, स्थानीयसँगको तनाव तथा स्रोत र निर्माण मोडालिटी तय नहुनु जस्ता कारणहरुले गर्दा पूर्वाधार निर्माणको मूल कार्य यथाशक्य शुरुवात गर्न चुनौतीपूर्ण रहेको छ ।

३. पूर्वाधारहरुको आवश्यकता र आपूर्तिबीच तालमेल कायम गरी निर्मित भौतिक पूर्वाधारको गुणस्तर अभिवृद्धि, पूर्वाधार संरचनामा लगानीबाट प्राप्त हुने प्रतिफल समयावधि भित्र प्राप्त गर्नु चुनौतीपूर्ण छ ।

४. निर्मित संरचनाहरुको नियमित मर्मत सम्भार गरी गुणस्तर कायम राखी व्यवस्थित शहरीकरण, एकीकृत बस्ती विकास, जोखिमयुक्त बस्ती स्थानान्तरण तथा सुकुम्बासी बस्तीको व्यवस्थापन कार्य चुनौतीपूर्ण छ ।

५. जटिल भू वनोट, प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको प्रतिकूलतालाई समेत ध्यानमा राखी पर्यावरण अनुकूल भौतिक पूर्वाधारका संरचना निर्माण गर्नु चुनौतीपूर्ण छ ।

### ६.२.२ पूर्वाधार क्षेत्रको सम्भावना

१. बेरोजगार युवाहरु तथा विदेशबाट फर्किएका दक्ष जनशक्तिलाई पूर्वाधार विकासको कार्यमा लगाउन सकिने सम्भावना रहेको छ ।

२. प्रदेश गौरवको आयोजनाको रुपमा रहेको प्रदेश राजधानीको दोस्रो चरण अन्तर्गत संसदीय समितिका भवन तथा पूर्वाधारहरु निर्माण कार्यलाई यसै आर्थिक वर्ष भित्रै सम्पन्न गर्न तथा रामपुर-कपुरकोट सडक आयोजना कार्यान्वयनलाई निरन्तरता दिन पर्याप्त बजेटको व्यवस्था गरेकाले यसबाट अन्य आर्थिक क्रियाकलापमा समेत सकारात्मक असर पर्ने सम्भावना रहेको छ ।

३. यस क्षेत्रमा उच्च स्तरीय होटल लगायतका अन्य पर्यटकीय पूर्वाधारमा लगानी बढाउन सकेमा छिमेकी मुलुक भारत लगायत अन्य मुलुकहरुबाट गुणस्तरीय पर्यटकहरुलाई आकर्षण गर्न सकिने सम्भावना रहेको छ ।

४. चालु आर्थिक वर्षमा लुम्बिनी प्रदेश अन्तर्गत पर्ने पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको बुटवल-गोरुसिङ्गे खण्ड र धानखोला-लमही खण्ड सडक स्तरोन्नति गर्ने संघीय सरकारले समेत बजेट विनियोजन गरेसंगै उक्त आयोजनाहरु सम्पन्न भए पश्चात् यस प्रदेशको अर्थतन्त्र थप चलायमान हुने सम्भावना रहेको छ ।

५. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गरी ऐतिहासिक स्थलहरु तिलौराकोट, देवदह, कपिलवस्तु र रामग्रामको बृहत पूर्वाधार विकास गर्न संघीय सरकारको नीति कार्यान्वयन भएमा पर्यटकीय क्षेत्रमा सकारात्मक प्रभाव पर्ने सम्भावना रहेको छ ।

## ६.३ रोजगारी

### ६.३.१ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालय, काठमाडौंबाट प्राप्त तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/८३ (साउन-असार) मा जम्मा ३ हजार ४ सय ४८ जनालाई कुल २ लाख ४५ हजार ६ सय ९१ दिनको रोजगारी प्रदान गरिएको छ । यस वर्षमा ८ सय ३२ आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

**तालिका ६.४: वार्षिक जिल्लागत रोजगारी**

| जिल्ला | सूचीकृत बेरोजगार सङ्ख्या | रोजगारीमा संलग्न व्यक्ति | कुल रोजगारी दिन | आयोजना संख्या |
|---|---|---|---|---|
| रुकुम (पूर्व) | | ११८ | ११,३१३ | २६ |
| रोल्पा | | ५६४ | ४१,४९६.५ | १६६ |
| प्यूठान | १ | ४११ | ३,४५०४ | ६२ |
| गुल्मी | | ५९६ | ४४,६४५.५ | २०५ |
| अर्घाखाँची | | १९७ | १६,६३५.९ | ८३ |
| पाल्पा | | २८१ | २६,९६८.७ | ८० |
| नवलपरासी (ब.सु.प.) | | ९२ | ५,५७० | ९ |
| रुपन्देही | | ४५७ | २८,१८५.५ | ८१ |
| कपिलवस्तु | | १७३ | ६,४४९.४ | २१ |
| दाङ | | १९९ | १२,८५९.५ | ५१ |
| बाँके | | २१० | ७,११२.२ | २१ |
| बर्दिया | | १५० | ९,९५१.५ | २७ |
| जम्मा | १ | ३,४४८ | २,४५,६९१.७ | ८३२ |

*(स्रोत : युवा, श्रम तथा रोजगार मन्त्रालय, काठमाडौं ।)*

### ६.३.२ वैदेशिक रोजगारी

लुम्बिनी प्रदेशबाट आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असार मसान्तसम्ममा जम्मा १ लाख ४५ हजार ९ सय ६८ जना वैदेशिक रोजगारीमा गएका छन् जुन कुल श्रम स्वीकृतिको १८.४३ प्रतिशत हो । जिल्लागत रूपमा सबैभन्दा धैरै रुपन्देही जिल्लाबाट २५ हजार ३ सय ११ जना अर्थात् १७.३४ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाबाट २ हजार १ सय ६६ जना अर्थात् १.४८ प्रतिशत कामदार वैदेशिक रोजगारीमा गएका छन् (तालिका ६.५) ।

**तालिका ६.५: जिल्लागत श्रम स्वीकृतिको विवरण**

| जिल्ला | Total with Re-entry | Total without Re-entry |
|---|---|---|
| रुकुम (पूर्व) | २,१६६ | १,३४८ |
| रोल्पा | ९,६७७ | ५,७५० |
| प्यूठान | ६,५७१ | ३,४४३ |
| गुल्मी | ११,९१७ | ४,९९४ |
| अर्घाखाँची | १०,४६८ | ५,६५९ |
| पाल्पा | १०,९०४ | ४,८१६ |
| नवलपरासी (ब.सु.प.) | ११,६१३ | ५,५४४ |
| रुपन्देही | २५,३११ | ११,७७७ |
| कपिलवस्तु | १६,३३४ | ७,४९६ |
| दाङ | १९,०९६ | ११,०११ |
| बाँके | ११,७४१ | ६,५१३ |
| बर्दिया | १०,१७० | ६,०५९ |
| **जम्मा (लुम्बिनी प्रदेश)** | **१,४५,९६८** | **७४,४१०** |
| नेपाल | ७,९२,१८७ | ४,०६,४०४ |

*स्रोतः वैदेशिक रोजगार विभाग।*

## ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### ६.४.१ रोजगारी क्षेत्रको चुनौती

१. आन्तरिक रोजगारीका सीमित अवसरका साथै न्यूनतम पारिश्रमिकको कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन रोक्नु चुनौतीपूर्ण छ।

२. आन्तरिक रोजगारी सिर्जनामा संघ, प्रदेश र स्थानीय तहकाबीच सघन सहकार्य तथा समन्वयको विकास गर्नु चुनौतीपूर्ण छ।

३. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरु प्रदेश र स्थानीय रोजगार कार्यक्रमहरुमा अन्तर-आवद्धता कायम गर्दै रोजगारी प्रदान गर्न चुनौतीपूर्ण छ।

४. युवालाई नेपालमै काम गर्ने वातावरण सिर्जना गरी श्रम र श्रमिकको सम्मान गर्ने संस्कारको विकास गर्नु चुनौतीपूर्ण छ।

५. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उच्च प्रतिफलयुक्त वनाउनु चुनौतीपूर्ण छ।

### ६.४.२ रोजगारी क्षेत्रको सम्भावना

१. "समृद्ध लुम्बिनी : खुसी नागरिक" को दीर्घकालीन सोच प्राप्तिका लागि वृहत पूर्वाधारको निर्माण कार्यमा स्रोत परिचालन गर्ने सरकारको दृढता भएबमोजिम सो क्षेत्रमा बजेट विनियोजन भएसंगै रोजगारी सिर्जना विस्तार हुने सम्भावना रहेको छ ।

२. वैदेशिक रोजगारमा गई प्राविधिक सीप सिकी आएका दक्ष जनशक्तिलाई नवप्रवर्तन तथा उद्यमशीलता विकासका लागि ऋण सुविधा लगायत विभिन्न सहुलियत उपलब्ध गराउने नीतिगत व्यवस्थाले रोजगारी विस्तार हुने सम्भावना रहेको छ ।

३. भैरहवा विशेष आर्थिक क्षेत्रमा विद्युतको सहज आपूर्ति, जग्गा भाडामा थप सहुलियत, न्यूनतम निर्यात गर्नुपर्ने सीमामा पुनरावलोकन आदि कारणले थप उद्योगहरु स्थापना भए सँगै थप रोजगारी सिर्जना हुने सम्भावना रहेको छ ।

४. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा आएमा यसबाट सिर्जना हुने अन्य आर्थिक क्रियाकलापबाट पर्याप्त रोजगारी सिर्जना हुने देखिन्छ ।

## परिच्छेद ७: संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

लुम्बिनी प्रदेश सरकारले "कृषि, उद्योग, पर्यटन र पूर्वाधारः समृद्ध लुम्बिनीका मुख्य आधार" नारा सहितको दोस्रो आवधिक योजना (आ.व.२०८१/८२-२०८५/८६) लागु गरेको छ । यो योजना संघीय सरकारको दीर्घकालीन रणनीति, सोह्रौं योजना, राष्ट्रिय विकास नीति तथा अन्तराष्ट्रिय दिगो विकास लक्ष्यसँग समन्वय हुने गरी प्रदेशको समग्र समृद्धिको मार्गचित्र कोर्ने उद्देश्यले तयार पारेको छ ।

"समृद्ध लुम्बिनीः खुसी नागरिक" को दीर्घकालिन सोंच तथा लक्ष्य प्राप्त गर्न ७ वटा उद्देश्यहरु र उक्त लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न १२ वटा रणनीतिहरु तय गरिएको छ । योजना अवधिमा औसत आर्थिक वृद्धिदर ७.१६ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको औसत आर्थिक वृद्धिदर क्रमशः ४.३० प्रतिशत, ९.०६ प्रतिशत र ७.४८ प्रतिशत हुने लक्ष्य राखिएको छ । आवधिक योजनामा राखिएका कार्यक्रमहरु कार्यान्वयन मार्फत् ७.१६ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्न योजना अवधिमा रु.१४ खर्ब ९९ अर्ब ०६ करोड कूल स्थिर पुँजी लगानी गर्नुपर्ने अनुमान गरिएको छ । (स्रोतः दोस्रो आवधिक योजना, लुम्बिनी प्रदेश)

### लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट :

प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा रु.३८ अर्ब ९१ करोडको अनुमानित बजेट प्रस्तुत गरेको छ जुन गत वर्षको तुलनामा ०.१५ प्रतिशतले कम हो । कुल विनियोजनमध्ये चालु खर्चतर्फ रु.१२ अर्ब ०१ करोड ४७ लाख (३०.८८ प्रतिशत), पुँजीगत खर्चतर्फ रु.२३ अर्ब ४७ करोड १४ लाख (६०.३३ प्रतिशत) र वित्तीय हस्तान्तरणतर्फ रु.३ अर्ब ४२ करोड ३७ लाख (८.७९ प्रतिशत) रहेको छ ।

चालु वर्षमा खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु.७ अर्ब ७८ करोड ०४ लाख, संघबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु.११ अर्ब ८६ करोड ५६ लाख, संघबाट प्राप्त हुने रोयल्टी रु.४१ करोड ५० लाख, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व रु.२ अर्ब ८२ करोड ९० लाख हुने अनुमान रहेको छ । त्यसैगरी, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.८ अर्ब ४४ करोड ४४ लाख, सःशर्त अनुदानबाट रु.४ अर्ब ६६ करोड १५ लाख, समपूरक अनुदानबाट रु.५१ करोड ४० लाख, विशेष अनुदानबाट रु.४० करोड एवम् आर्थिक वर्ष २०८१/८२ को नगद मौज्दातबाट रु.२ अर्ब परिचालन हुने अनुमान रहेको छ ।

### लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन स्थिति :

आर्थिक वर्ष २०८२/८३ का लागि लुम्बिनी प्रदेश सरकारले कुल बजेट रु.३८ अर्ब ९१ करोड विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार २०८३ असार मसान्तसम्ममा विनियोजनको ६६.३६ प्रतिशत अर्थात् रु.२५ अर्ब ८२ करोड ५३ लाख खर्च भएको छ । गत आर्थिक वर्षमा प्रदेश सरकारले कुल बजेट रु.३८ अर्ब ९७ करोड विनियोजन गरेकोमा कुल खर्च विनियोजित बजेटको ७१.५७ प्रतिशत रहेको थियो (तालिका ७.१) ।

आर्थिक वर्ष २०८२/८३ मा कुल रु.२४ अर्ब ८९ करोड ०१ लाख राजश्व परिचालन हुने अनुमान गरेकोमा २०८३ असार मसान्तसम्ममा रु. १८ अर्ब ३१ करोड ०६ लाख राजश्व परिचालन भएको छ, जुन कुल लक्षित राजश्वको ७३.५७ प्रतिशत हो । यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, समपूरक, विशेष र सशर्त गरी कुल रु. १४ अर्ब ०१ करोड ९९ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८३ असार मसान्तसम्ममा कुल रु.११ अर्ब १९ करोड ५२ लाख प्राप्त गरेको छ जुन लक्षित अनुदानको ७९.८५ प्रतिशत हो । समीक्षा वर्षमा प्रदेश सरकारले आन्तरिक र बाह्य कुनै पनि प्रकारको ऋण लिएको देखिंदैन (तालिका ७.१) ।

**तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति (रु. दश लाखमा)**

| शिर्षक | उप-शिर्षक | आ.व.२०८१/८२ | | | आ.व.२०८२/८३ | | |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक | प्रगति प्रतिशत | बजेट | वास्तविक | प्रगति प्रतिशत |
| खर्च | चालु | ११,२४२.७८ | ९,९८५.८६ | ८८.८२ | १२,०१४.७९ | १०,१५४.५९ | **८४.५२** |
| | पुँजीगत | २४,५८५.९० | १७,९०५.१५ | ७२.८३ | २३,४७१.४७ | १५,६७०.७६ | **६६.७७** |
| | वित्तीय | ३,१४१.३२ | | | ३,४२३.७५ | | |
| | ... | | | | - | - | |
| | अन्य | | | | - | - | |
| जम्मा | | **३८,९७०.००** | **२७,८९१.०१** | **७१.५७** | **३८,९१०.००** | **२५,८२५.३५** | **६६.३७** |
| राजस्व | कर | १७,१४७.१७ | १३,९८७.०७ | ८१.५७ | १७,०९४.६५ | १५,२०२.२८ | **८८.९३** |
| | गैरकर | ५,६२९.९२ | २,३८३.१२ | ४२.३३ | ५,६७५.४५ | २,९८५.४८ | **५२.६०** |
| | ... | | | | | | |
| | अन्य | २,१७३.६२ | २१०.१८ | ९.६७ | २,१२०.०० | १२२.८६ | **५.८०** |
| जम्मा | | **२४,९५०.७०** | **१६,५८०.३७** | **६६.४५** | **२४,८९०.१०** | **१८,३१०.६२** | **७३.५७** |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | ८,२८६.४० | ७,६०३.६० | ९१.७६ | ८,४४४.४० | ७,७२२.४० | **९१.४५** |
| | समपूरक | ७९५.०० | ३३१.२६ | ४१.६७ | ५१४.०० | ३८६.९७ | **७५.२९** |
| | विशेष | ७४४.६० | ३३७.९३ | ४५.३८ | ४००.०० | २७३.९३ | **६८.४८** |
| | सशर्त | ४,१९३.३० | २,७३४.९८ | ६५.२२ | ४,६६१.५० | २,८११.९६ | **६०.३२** |
| | ... | | | | | | |
| | अन्य | | | | | | |
| जम्मा | | **१४,०१९.३०** | **११,००७.७७** | **७८.५२** | **१४,०१९.९०** | **११,१९५.२६** | **७९.८५** |
| ऋण | आन्तरिक | | | | | | |
| | बाह्य | | | | | | |
| | ... | | | | | | |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*

## ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

### ७.१.१ लुम्बिनी प्रदेश सरकार अन्तर्गतका कार्यक्रम तथा परियोजना कार्यान्वयनको अवस्था

**(क) प्रदेश राजधानी व्यवस्थापन (राप्ती उपत्यका, देउखुरी)**

(१) प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (पहिलो चरण) : प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाइमार्फत प्रदेश गौरवको आयोजना "प्रदेश राजधानी व्यवस्थापन (राप्ती उपत्यका, देउखुरी)" अन्तर्गतको प्रदेश राजधानीका प्रशासनिक भवन तथा अन्य पूर्वाधार निर्माण कार्य सम्पन्न भई एकै परिसरबाट मिति २०८३ बैशाख २१ देखि सेवा प्रवाह समेत शुरु भइसकेको छ। आर्थिक वर्ष २०७९/८० बाट शुरु भएको यस आयोजनाको कुल लागत रु.४ अर्ब २० करोड ९१ लाख रहेको छ भने यस आयोजनाबाट कुल ३०० रोजगारी सिर्जना भएको देखिन्छ।

(२) प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (दोस्रो चरण) : प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाइमार्फत प्रदेश गौरवको आयोजना "प्रदेश राजधानी व्यवस्थापन (राप्ती उपत्यका, देउखुरी)" अन्तर्गतको प्रदेश राजधानीका प्रदेश सभातर्फका भवन तथा अन्य पूर्वाधार निर्माण कार्य आर्थिक वर्ष २०७९/८० बाट शुरु भई आर्थिक वर्ष २०८४/८५ सम्म सम्पन्न हुने अन्तिम म्याद रहेको छ। उक्त आयोजनाको कुल लागत रु.७४ करोड ५८ लाख रहेकोमा मिति २०८३ असार मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति ६० प्रतिशत रहेको छ भने वित्तीय प्रगति ३२.०३ प्रतिशत रहेको छ। यस आयोजनाबाट कुल ५० रोजगारी सिर्जना भएको छ।

**(ख) लुम्बिनी प्रादेशिक अस्पताल**

साविकको लुम्बिनी अञ्चल अस्पताल वि.सं. २०७५ साल माघ महिनामा प्रदेश सरकारको मातहत आएपछि लुम्बिनी प्रादेशिक अस्पतालका रुपमा हाल ३०० शैयामा सञ्चालनमा रहेको छ। यस अस्पताललाई विशिष्टकृत र विश्वस्तरीय सेवा सुविधासहितको अस्पतालका रुपमा स्तरोन्नति गर्दै प्रदेश गौरवको आयोजनाका रुपमा १२०० शैयामा विस्तार गर्ने योजना रहेको छ। लुम्बिनी प्रादेशिक अस्पताल निर्माणको पहिलो चरणमा ७०० शैया क्षमताको मुख्य ब्लक र १०० शैया क्षमताको क्यान्सर भवन गरी दुई नयाँ ब्लकहरुको निर्माण कार्य हुनेछ। उक्त आयोजनाको शुरुवात आर्थिक वर्ष २०८०/८१ बाट शुरु भएकोमा आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न हुने समयावधि रहेको छ। उक्त आयोजनाको कुल लागत रु.८ अर्ब ९९ करोड ७५ लाख रहेको छ भने मिति २०८३ असार मसान्तसम्म भौतिक प्रगति ४५.६० प्रतिशत र वित्तीय प्रगति २७.३३ प्रतिशत रहेको छ। यस आयोजनाबाट कुल ३०० रोजगारी सिर्जना भएको छ।

**(ग) रामपुर कपुरकोट सडक**

लुम्बिनी प्रदेशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा मेरुदण्ड वनने अपेक्षासहित प्रदेश गौरवको आयोजनाको रुपमा रामपुर-कपुरकोट सडक आयोजनाको निर्माण कार्य सञ्चालनमा रहेको छ। पाल्पा, अर्घाखाँची, प्युठान र रोल्पा समेत गरी ४ जिल्लालाई समेट्ने करिब ३०० कि.मी. लम्बाईको यो आयोजना प्रदेशको पूर्व-पश्चिम राजमार्गको रुपमा कार्यान्वयन भैरहेको छ। विभिन्न खण्डहरुमा विभाजित गरी उक्त सडक

आयोजनाको निर्माण कार्य सञ्चालन भइरहेको सन्दर्भमा आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म कुल ५०.५५ कि.मी. सडक कालोपत्रे गर्ने कार्य र ३.८ कि.मी. ग्राभेल सडक सम्पन्न भएको छ ।

**(घ) लुम्बिनी प्राविधिक विश्वविद्यालय**

प्रविधि तथा नवप्रवर्तनको प्रयोग र विकास मार्फत सूचना प्रविधि, इन्जिनियरिङ्ग, कृषि तथा वन, पर्यटन लगायतका क्षेत्रमा उच्च शिक्षालाई अगाडि बढाउने उद्देश्यले २०७९ असार १८ गते बाँके नेपालगञ्जमा लुम्बिनी प्राविधिक विश्वविद्यालयको स्थापना भएको हो । यस आयोजनाको सञ्चालन पश्चात् उक्त आयोजनाको प्रभाव लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा समेत रहनेछ । यस विश्वविद्यालयमा B.Tech in IT, B.Tech. in Computer Science & AI, B.Tech. in IT Engineering, B.Tech. in Civil Engineering, M.Tech in Computer Science, M.Tech. in IT लगायतका ६ वटा कार्यक्रममा २०८३ भदौमा ५ सय २९ विद्यार्थी अध्ययनरत रहेका छन् । लुम्बिनी प्रदेश सरकारले यस विश्वविद्यालयमा नवप्रवर्तन केन्द्र सहितको भौतिक, शैक्षिक तथा प्रविधिजन्य पूर्वाधार र व्यवस्थापनको लागि चालु आर्थिक वर्ष २०८३/८४ को लागि रु.११ करोड बजेट विनियोजन गरेको छ ।

लुम्बिनी प्रदेश सरकारबाट सञ्चालित आयोजनाहरुको क्षमता, शुरु मिति, सम्पन्न हुने मिति, लागत, प्रगति एवम् रोजगारीको विवरण तलको तालिकामा पनि संक्षिप्त प्रस्तुत गरिएको छ ।

**तालिका ७.२: प्रदेश गौरवका आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | क्षमता | एकाई | शुरु मिति | सम्पन्न हुने मिति | कुल लागत (रु.) | हालसम्मको भौतिक प्रगति (प्रतिशत) | हालसम्मको वित्तीय प्रगति (प्रतिशत) | रोजगारी (जना) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माण | १२०० | शैया | २०८०।८१ | २०८४।८५ | ८ अर्ब ९९ करोड | ४५.६ | २७.३३ | ३०० |
| २ | २.१ प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (पहिलो चरण) | १० | भवन र अन्य | २०७९।८० | २०८२।८३ | ४ अर्ब २० करोड | १०० | ९५.५८ | ३०० |
| | २.२ प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य ( दोश्रो चरण) | प्रदेश सभा | भवन र अन्य | २०७९।८० | २०८४।८५ | ७४ करोड ५८ लाख | ६० | ३२.०३ | ५० |
| ३ | लुम्बिनी प्राविधिक विश्वविद्यालय, नेपालगंज | | | २०७९।८० | | ११ करोड (आ.व. २०८२/८३ मा विनियोजन) | ९० | ८३.८२ | ३७ |
| ४ | रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) | ३०० | कि.मि. | २०७६।७७ | २०८४।८५ | १ अर्ब ९८ करोड | ८४.८३ | ८७.३२ | |

*(स्रोत: सम्बन्धित आयोजना कार्यालय)*

## ७.१.२ स्थानीय तहको कार्यक्रम तथा परियोजना कार्यान्वयन

### खर्च

लुम्बिनी प्रदेशका १०९ वटा स्थानीय तहहरुमध्ये छनौटमा परेका ४ उप-महानगरपालिका र १ नगरपालिकाको समीक्षा वर्षमा एकीकृत कुल खर्च रु.७ अर्ब ३२ करोड ८५ लाख रहेको छ, जुन ५ वटा स्थानीय तहको एकिकृत अनुमानित खर्चको ६२.२८ प्रतिशत हो । स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा कुल अनुमानित खर्चको सबैभन्दा धैरै नेपालगञ्ज उप-महानगरपालिकाले ७७.८३ प्रतिशत र सबैभन्दा कम बुटवल उप-महानगरपालिकाले ४४.४० प्रतिशत खर्च गरेका छ (तालिका ७.३) ।

### राजस्व

छनौटमा परेका स्थानीय तहहरुमा समीक्षा वर्षमा कुल रु.३ अर्ब ८० करोड ८ लाख राजस्व संकलन भएको छ । कुल राजस्व संकलनको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा सबैभन्दा बढी नेपालगञ्ज उप-महानगरपालिकाले कुल अनुमानित राजस्वको १०९.२९ प्रतिशत राजश्व संकलन गरेका छ र सबैभन्दा कम बुटवल उप-महानगरपालिकाले ४६.३३ प्रतिशत राजस्व संकलन गरेको छ (तालिका ७.३) ।

**तालिका ७.३: स्थानीय तहहरुको खर्च र राजस्वको स्थिति (रु.दश लाखमा)**

| स्थानीय तह | खर्च (२०८२/८३) | | | राजस्व (२०८२/८३) | | |
|---|---|---|---|---|---|---|
| | अनुमानित | वास्तविक | प्रगति प्रतिशत | अनुमानित | वास्तविक | प्रगति प्रतिशत |
| बुटवल उप-महानगरपालिका | ४,०००.४ | १,७७६.० | ४४.४ | ३,०८९.९ | १,४३१.४ | ४६.३३ |
| सिद्धार्थनगर नगरपालिका | १,५०९.९४ | ९२२.१० | ६१.०७ | १८०.२९ | १७४.७२ | ९६.९१ |
| तुल्सीपुर उप-महानगरपालिका | २,२४१.८६ | १,५२५.५४ | ६८.०५ | १,०२२.९५ | ७३६.२८ | ७१.९८ |
| घोराही उप-महानगरपालिका | २,१६२.६० | १,६६३.६४ | ७६.९३ | ९२०.७० | ८१३.४५ | ८८.३५ |
| नेपालगञ्ज उप-महानगरपालिका | १,८५१.६७ | १,४४१.२३ | ७७.८३ | ५९०.१४ | ६४४.९८ | १०९.२९ |
| कुल रकम | ११,७६६.४७ | ७,३२८.५१ | ६२.२८ | ५,८०३.९८ | ३,८००.८३ | ६५.४८ |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

### अनुदान तथा हस्तान्तरण

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा वर्षमा कुल अनुदान तथा हस्तान्तरण रकम गत वर्षको सोही वर्षको तुलनामा ०.७० प्रतिशतले वृद्धि भई रु. ४ अर्ब २६ करोड ५२ लाख रहेको छ । कुल अनुदान तथा हस्तान्तरण अन्तर्गत सःशर्त अनुदानमा ४.५३ प्रतिशतले वृद्धि भएको छ भने समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र अन्य उपशीर्षकमा क्रमशः १.६५ प्रतिशत, ३९.३६ प्रतिशत, ८०.६४ प्रतिशत र ७९.९६ प्रतिशतले ह्रास आएको छ (तालिका ७.४) ।

तालिका ७.४: स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण (रु.दश लाखमा)

| उप-शीर्षक | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| समानीकरण | १,३२६.४३ | १,३०४.५४ | – १.६५ |
| समपूरक | ८१.५१ | ४९.४३ | – ३९.३६ |
| विशेष | ४७.२ | ९.१४ | – ८०.६४ |
| सशर्त | २,७७५.४५ | २,९०१.१४ | ४.५२९ |
| अन्य | ४.९४ | ०.९९ | – ७९.९६ |
| **कुल अनुदान तथा हस्तान्तरण** | ४,२३५.५३ | ४,२६५.२४ | ०.७० |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

# परिच्छेद ८ आर्थिक परिदृष्य

यस परिच्छेदमा लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा अवस्थित सरकारी कार्यालय, उद्योग, सहकारी, होटल लगायत तथ्याङ्कप्रदायक संस्थाहरुबाट प्राप्त तथ्याङ्क तथा जानकारीको आधारमा आगामी आर्थिक वर्षका लागि कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रहरुमा देहायको आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा बालीवस्तु विशेष सघन व्यावसायिक विकास कार्यक्रम, सरकारी सहुलियतमा सबै कृषकको समान पहुँच, एक पालिका एक अर्गानिक/रैथाने बाली उत्पादन जस्ता कार्यक्रम समावेश रहनुका साथै सुपरजोन कार्यक्रम सञ्चालन, सिँचाई आयोजनामार्फत सिंचित क्षेत्र विस्तार, समयमै वर्षा हुनु जस्ता कारण यस प्रदेशमा धान, गहुँ, मकै, आलु, ऊखुको उत्पादन सामान्य बढ्ने देखिन्छ । दाङ जिल्लामा केरा खेती तथा ड्रयागन खेतीको व्यवसायिकता बढेकाले आगामी दिनमा उक्त फलफुलको उत्पादन उल्लेख्य रुपमा वृद्धि हुने सम्भावना देखिन्छ । तरकारी तथा दलहनतर्फ क्षेत्रफल बढेको हुँदा उत्पादन बढ्ने अनुमान गरिएको छ भने कोदो, जौ तथा फापरतर्फ आकर्षण घटेकोले उत्पादनमा केही सङ्कुचन हुने सम्भावना देखिन्छ । पशुपंक्षीपालन व्यवसायमा उन्मुख, दुधको बजारीकरणमा केही सुधार, माछापालनको व्यवसायीकीकरण लगायतका कारण कृषकहरु उक्त व्यवसायमा आर्कषित हुने देखिन्छ । नयाँ सामुदायिक वन तथा चक्ला वनमा सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना बमोजिम कार्य सम्पन्न गर्न सकिने, दिगो वन व्यवस्थापनको लागि वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यान्वयनमा आउने हुँदा काठ, दाउरा उत्पादन बढ्न सक्ने प्रक्ष्येपण गरिएको छ ।

तथापि, रोपाईको समयमा मलको अभाव, मनसुनजन्य विपद्का कारण यस प्रदेशका पहाडी जिल्लामा पुगेको क्षतिजस्ता कारणले उत्पादन एवम् बजारीकरणमा नकारात्मक प्रभाव पर्न जाने देखिएकोले अपेक्षाकृत वृद्धि हासिल गर्न कठिन हुने देखिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

लुम्बिनी प्रदेशको पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेपनि अर्थतन्त्रमा रहेको अधिक तरलता र कर्जाको न्यून ब्याजदरले उद्योग क्षेत्रमा कर्जा विस्तार हुने अपेक्षा गरिएको छ । यस प्रदेशको उद्योग क्षेत्रमा साना तथा मझौला उद्योगहरुको उल्लेख्य उपस्थिति रहेको छ । भैरहवामा स्थापना भएको विशेष आर्थिक क्षेत्र (SEZ) आंशिक रुपमा सञ्चालनमा आएको र रुपन्देहीको मोतिपुर, दाङको लक्ष्मीपुर र बाँकेको नौवस्ता औद्योगिक क्षेत्र निर्माणाधीण अवस्थामा रहेको हुँदा आगामी दिनमा थप उद्योग स्थापना भई औद्योगिक उत्पादन तथा रोजगारी समेत बढ्ने अपेक्षा गर्न सकिन्छ । चालु आर्थिक वर्षमा मागमा आउन सक्ने वृद्धि, औद्योगिक क्षमतामा वृद्धि, पुँजी विस्तार, निर्माण क्षेत्रमा तेजीको अपेक्षा, लगायतका कारणले सिमेन्ट, फलामे डण्डी, रोजिन, तारपिन तेल, तयारी चाउचाउ, औषधी, तोरीको तेल, पिना, लुगा धुने साबुन, डिटर्जेण्ट, केबलको उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ भने प्लाष्टिकजन्य उत्पादनमा भने ह्रास आउने देखिन्छ । जेनजी आन्दोलनको असर, कर्जा विस्तारमा सुस्तता, व्यवसायीको मनोबल बढ्न नसक्नु, स्वदेशी कच्चा पदार्थको उपलब्धता कम हुनु, खुला सीमाका कारण हुने अवैध आयातित वस्तुसँग

प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता, मध्यपूर्वमा भैरहेको तनावले आपुर्तिमा भएको असहजता जस्ता कारणले प्रदेशको समग्र औद्योगिक विकास र विस्तार अपेक्षाकृत हुन नसक्ने देखिन्छ।

### ८.३ सेवा क्षेत्र

गत वर्षको जेनजी आन्दोलनले शिथिल भएको सेवा क्षेत्र नयां चुनावी सरकार गठन भएपश्चात् केही तङ्ग्रिन खोजेको देखिन्छ। चालु आर्थिक वर्षमा स्वदेशी एवम् विदेशी पर्यटकको संख्यामा वृद्धि हुने अपेक्षा गरिएको छ। चालु आर्थिक वर्षमा जग्गा वर्गीकरण समय सापेक्षरुपले अद्यावधिक हुँदै गएको तथा बैंक तथा वित्तीय संस्थाबाट सहजरुपले कर्जा प्रवाह भइरहेकाले घरजग्गा कारोवारमा वृद्धि हुने देखिन्छ। बैकिङ क्षेत्रमा देखिएको उच्च तरलतासँगै व्याजदरमा आएको कमीका कारण यस प्रदेशमा कर्जाको माग बढ्ने तथा विप्रेषणमा उल्लेख्य वृद्धि भएकोले निक्षेपमा पनि वृद्धि हुने देखिन्छ। तथापि, अर्थतन्त्रमा देखा परिरहेको शिथिलता, कालो सूचीमा पर्ने व्यवसायीको संख्यामा उल्लेख्य वृद्धि, व्यवसायीमा बढ्दो निराशा आदिका कारण कर्जा विस्तारमा कठिनाई थपिन सक्ने अनुमान गरिएको छ। त्यस्तै चालु आर्थिक वर्षमा अस्पताल संख्या, शैया संख्या र चिकित्कको संख्यामा भने केही वृद्धि हुन सक्ने अपेक्षा गरिएको छ। घट्दो जन्मदर, बसाईसराई लगायतका कारण समग्रमा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्ने र विद्यार्थी शिक्षक अनुपातमा ह्रास आउन सक्ने अनुमान गर्न सकिन्छ।

### ८.४ पूर्वाधार क्षेत्र

लुम्बिनी प्रदेशमा पर्ने बुटवल-गोरुसिङ्गे सडक खण्डको विस्तारको काम सुरु भएको, नारायणघाट-बुटवल खण्डको सडक विस्तार तथा कालिगण्डकी कोरिडोर, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, मध्यपहाडी राजमार्ग लगायत ठूला सडक आयोजनाहरुको निर्माण अन्तिम चरणमा रहेको र लुम्बिनी प्रदेश गौरवको आयोजना अन्तर्गतका लुम्बिनी प्रादेशिक अस्पताल, प्रदेश राजधानी व्यवस्थापन, रामपुर-कपुरकोट सडक र लुम्बिनी प्राविधिक विश्वविद्यालय निर्माणाधीन चरणमा भएकाले यसले अर्थतन्त्र थप चलायमान हुनुका साथै यस क्षेत्रको समग्र विकासमा टेवा पुग्ने देखिन्छ। निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरु सिक्टा सिँचाई आयोजना, बबई सिँचाई आयोजना र भेरी बबई डाइभर्सन जस्ता सिँचाई आयोजनाहरुको निर्माण कार्य सम्पन्न पश्चात् यस प्रदेशका बाँके र बर्दिया जिल्लाहरुको खेतीयोग्य जमिनमा सिँचित क्षेत्रफल बढ्ने अनुमान रहेको छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको सम्झौताले यस क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुने अपेक्षा गरिएको छ।